महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## बर्दगोरिया गाउँपालिका


कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## बर्दगोरिया गाउँपालिका
### कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## बर्दगोरिया गाउँपालिका

कैलाली

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५१६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बर्दगोरिया गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले बर्दगोरिया गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ७ करोड २७ लाख ४१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३७ लाख ७८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ८५ लाख २९ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड १३ लाख ४७ हजार र पेश्की रू. ९० लाख ८७ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ७ करोड १२ लाख ३५ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १४ करोड ३९ लाख ७६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बर्दगोरिया गाउँपालिका, कैलाली

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ९१ | १३३ | ७२७४१ | ० | ० | ० | ९१ | १३३ | ७२७४१ | ३७७८ | ३१३४७ | २८५२९ | ० | ० | ५९८७६ | ९०८७ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| बर्दगोरिया गाउँपालिका, कैलाली | ७१२३५ | ० | ० | ७१२३५ | ० | ७२७४१ | १४३९७६ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बर्दगोरिया गाउँपालिका, कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Arjun Singh Karki | २०७६-१-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | DHARMA RAJ UPADHYAYA | २०७८-१२-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dilli Prasad Khanal | २०७६-१०-२९ | २०७८-१२-२१ |
| | | **बेरुजु रकम** | ७२,७४१,०७०.५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १२,२०,६१,०३५.६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,६८,३०,००० | **चालु खर्च** | २६,३८,६८,२३२ |
| **प्रदेश सरकारबाट अनुदान** | १,६१,८२,९२८ | **पूँजीगत खर्च** | १०,०३,१३,८२९ |
| **राजश्व बाँडफाँट** | ८,६६,५६,५६२ | **वित्तीय/अन्य व्यवस्था** | १९,६०,७५,६४५ |
| **आन्तरिक आय** | २,४७,२२,०७३ | | |
| **अन्य आय** | १९,१९,६५,०२७ | | |
| **कुल आय** | ६३,६३,५६,५९० | **कुल खर्च** | ५६,०२,५७,७०६ |
| **बाँकी मौज्दात** | | १९,८१,५९,९१९.६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **परिचय**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा ७६.२६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२६८३.जनसंख्या रहेको छ। | |
| ५ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग मिति २०७९।९।२१ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ६ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>बढी ग्रेड भुक्तानी रकम रु. १२६७ असुल भई एन आई सी एशिया बैंकको बौनिया शाखा मिति २०७९।०९।०७ मा राजश्व शिर्षक नं १५११ मा जम्मा भएको छ। | |
| ४ | | | **बित्तिय बिवरण परिक्षण** | |
| ४.१ | | | **वित्तीय प्रतिवेदन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ४.२ | | | **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ७०,१०,३०६।७२ पुँजीगत खातामा रु. २,३६,१३,९८७।९४ आन्तरिक राजस्व खातामा रु,२,२३,१०,२३६।८४ राजस्व बाँडफाँड खातामा रु,५२,३५,३१०।९६ र आन्तरिक अनुदान खातमा रु ५,८७,६४८।०० समेत रू ५,८२,२८,४९०।४६ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ४.३ | | | **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु १०,२१,६१,५३४।००मौज्दात रहेकोमा यो वर्ष रु १२,२०,६१,०३९।६० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १,९८,९९,५०५।६० बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ । | |
| ४.४ | | | **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु १२,२०,६१,०३९।८९यस वर्षको प्राप्ति रु ४५,४१,६४,१५३।२९ यस वर्षको भुक्तानी रु ३७,८०,६५,२७३।५८ र बैङ्क मौज्दात रु १९,८१,५९,९१९।६० रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात | |
|---|---|---|---|---|---|
| | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>१२,२०,६१,०३९।८९</td><td>४५,४१,६४,१५३।२९</td><td>३७,८०,६५,२७३।५८</td><td>१९,८१,५९,९१९।६०</td><td></td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>१२,२०,६१,०३९।८९</td><td>६३,६४,४१,८१५।२९</td><td>५६,०३,४२,९३५।५८</td><td>१९,८१,५९,९१९।६०</td><td></td></tr>
<tr><td>फरक</td><td></td><td>१८,२२,७७,६६२।००</td><td>१८,२२,७७,६६२।००</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.५</td><td></td><td></td><td>
बैङ्क हिसाब विवरण-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः
<table>
<tr><th>खाता</th><th>स्रेस्ताअनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>१८,२३,७८,२२९।६८</td><td>१०,०६,४६,३८०।०१</td><td></td></tr>
<tr><td>चालु खर्च खाता</td><td>(८७७०००।००)</td><td>१७,१०,३०६।७२</td><td></td></tr>
<tr><td>पुंजीगत खर्च खाता</td><td>२६,००,०००।००</td><td>२,३६,१३,९८७।९४</td><td></td></tr>
</table>
</td><td>१७,१५८,७०९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| विविध खर्च खाता | २,०००।०० | ८२,६४,१४८।५० | |
| प्रकोप व्यवस्थापन खाता | ७,८०,६४१।७० | ११,४९,१७९।०५ | |
| स्थानीय विभाज्य कोष | ००।०० | ००।०० | |
| स्थानिय तह बिबिध कोष खाता | १६,४४,८७४।०० | ५,५२,८३८।५० | |
| धरौटी | ७५,४५,१७४।२२ | ७५,४२,१७४।२२ | |
| आन्तरिक अनुदान | ००।०० | ५,८७,६४८।०० | |
| ग१.१, आन्तरिक राजस्व खाता | ००।०० | २,२३,१०,२३६।८४ | |
| ग१.२, बाँडफाँडबाट | ००।०० | ५२,३५,३१०।९६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>प्राप्त राजस्व खाता</td><td></td><td></td><td></td></tr><tr><td>जम्मा</td><td>१९,४०,७०,९१९।६०</td><td>१७,६९,१२,२१०।६०</td><td>१,७१,५८,७०९।००</td></tr></table>कार्यालयको श्रेस्ता मौज्दात र बैक मौजादत भिडान गर्दा रू १,७१,५८,७०९।००बैक मौज्दात घटी देखिएकोले पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गरी प्रमाण पेश गर्नु पर्ने देखिएको रू</td><td></td></tr>
<tr><td>४.६</td><td></td><td></td><td>कट्टी रकम दाखिला नभएको : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व कार्यबिधि ऐन, २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा कट्टी भई राजस्व खातमा दाखिला गर्न बाकी रहेको रू २७,९४८।०० संघिय संचित कोष दाखिला गरेको देखिएन । अतः कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखfएको रु.</td><td>२७,९४८</td></tr>
<tr><td>४.७</td><td></td><td></td><td>लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालु र पुजिगत गरी जम्मा ४५३ कार्यक्रम मध्य ७६ वटा कार्यक्रममा शुन्य प्रगति देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ .।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:<br>•स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• अधुरा आयोजनाहरूको समिक्षा गरेको प्रमाण पाईएन,<br>•बैंक हिसाव मिलान गरेको पाईएन,<br>•कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा गाउपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>•स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो,<br>• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>•मुल्य अभिवृद्धि कर नियमावली २०५३को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाईएन,<br>•कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन,<br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार पाईएन,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरबन्दी रिक्त रहेको पाईयो,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले उपर्युक्तानुसारका बिषयहरूमा आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरेर सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **सूचना प्रविधी पद्दतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्न रहेको छ,<br>१.सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन,<br>२. सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन,<br>३ . कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृर्त आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको,<br>समग्र कारोवार एउटै सफ्टवेयरबाट नभएको कारण गाउपालिकाको वास्तविक आय ब्यय निकाल्न समस्या देखिन्छ । | |
| ५.३ | | | **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राखु पर्ने व्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ भ्रमण गरेका कर्मचारीहरूको निम्न अनुसारको बिवरण राखेको देखिएन अत कार्यालयले यसतर्फ ध्यान दिनु पर्दछ ।<br>१.म. ले. प. फाराम ९०८बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन,<br>२. म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रूपमा मात्र लिने गरेको देखिन्छ | |
| ५.४ | | | **म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन ।कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूममा मात्र राखेको देखिन्छ,<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन । | |
| ५.५ | | | बेरुजु लगतः यस कार्यालयले बेरूजु सम्बन्धि लगत म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अत कार्यालयले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ६ | | | **विद्यालय अनुगमन तथा प्रतिवेदन** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय तह सञ्चालन ऐन २०७४ ले माध्यामिक तहसम्मको शिक्षाको अनुगमन, मुल्याङ्कन र नियमन लगायतका व्यवस्थापीय कार्यहरु गर्ने अधिकार स्थानीय तहलाई दिईएको छ। सम्बन्धित पालिकाले सार्वजनिक तथा निजी विद्यालयको अनुगमन, नियमन व्यवस्था, विद्यालयगत अभिलेख, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सम्बन्धी कार्यहरु गर्नुपर्ने हुन्छ। पालिकाले विद्यालय अनुगमन तथा शैक्षिक गुणस्तरको मापन मापदण्ड निर्धारण गरेको छैन्। अतः पालिकाले अनुगमन र गुणस्तर मापनको मापदण्ड बनाई सोहि बमोजिम अनुगमन गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>कार्यक्रम तथा बजेट</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>२५३,,३९,०००।००</td><td>२,१९,९०,४६९।००</td><td>५.८७</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१०,,४८,०६,०००।००</td><td>५,२८,०९,३८९।०६</td><td>१४.१२</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२६,१४,३६,०००।००</td><td>१९,९७,३०,३३९।७०</td><td>५३.४०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वातावरण तथा बिकास</td><td>१०,००,०००।००</td><td>८,५५,४८०।००</td><td>०.२२</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१२,६२,४६,०००।००.</td><td>९,८६,१७,९३५।५३</td><td>२६.३६</td></tr>
<tr><td>जम्मा</td><td>५१,८८,२७,०००।००</td><td>३७,४०,०३,६१३।००</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ५३.४० प्रतिशत र बातावरण बिकासमा सबै भन्दा घटी ०.२२ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>
योजना र कार्यान्वयन–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष छनौट भई संचालन भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजनासंख्या</th></tr>
<tr><td>१</td><td>रु १ लाखभन्दा कमको योजना</td><td>१७</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>रु १ लाखएक देखि २ सम्मका योजना</td><td>१८</td></tr>
<tr><td>३</td><td>रु २लाखएक देखि ५ लाख सम्मका योजना</td><td>६१</td></tr>
<tr><td>४</td><td>रु ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>२०</td></tr>
<tr><td>५</td><td>दश लाख एकदेखि ५० लाख सम्मका योजना</td><td>१९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>रकमान्तर: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाकाको बिनियोजन ऐन २०७८ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू १ करोड ३३ लाख २८ हजार अर्थात कुल बजेट रू ४५ करोड.४१ लाख ६४ हजारको. २।९३ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ। अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.४</td><td></td><td></td><td>खर्च बिश्लेषण – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु २०७६९४६१।७९ राजस्व बाँडफाँड र अनुदानबाट रू ८,६६,५६,५६२।०० समेत रु ४४,४४,७६,७८८।०७ आम्दानी भएकोमा चालु तर्फ रु २६,३८,९६,१७८।९४ र पूँजिगत तर्फ रु १०,०३,१३,८२९।०६ समेत रु ३६,४२,१०,००८।३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.६७ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु ९८,१५,५००।०० खर्च भएको छ जुन आन्तरिक आय ४७.२५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट प्रतिशत चालु ७२.४५ प्रतिशत र २७ .५४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.५</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च-आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th>अषाढको खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसोचौमासिक</th><th></th></tr>
<tr><td>१</td><td>पूँजीगत खर्च</td><td>१७५८८१</td><td>१७५८८</td><td>३५३१६</td><td>१००३१३</td><td>३८००१</td></tr>
<tr><td></td><td>कूल खर्चः</td><td>१७५८८१</td><td>१७५८८</td><td>३५३१६</td><td>१००३१३</td><td>३८००१</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>९।९९</td><td>२०।०७</td><td>५७।०३</td><td>२१।६०</td></tr>
</table>
वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ५७।०३ प्रतिशत र अषाढ महिनामा २१।६० प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नु पर्ने देखियो ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.६</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.७</td><td></td><td></td><td>योजनाको प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार पालिकास्तरका कुल १३५योजनामा बजेट विनियोजन गरेको छ।
<table>
<tr><th>क्र. सं.</th><th>कार्यक्रमको नाम</th><th>योजना सङ्ख्या</th><th>रु.२० लाखमाथिका योजना सङ्ख्या</th><th>रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या</th><th>रु.५लाखभन्दा कमका योजना सङ्ख्या</th></tr>
<tr><td>१.</td><td>पालिकास्तरीय</td><td>१३५</td><td></td><td>३९</td><td>९६</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कोभिड तथा विपद् कोषतर्फ</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.१</td><td></td><td></td><td>कोभिड आय र व्ययः पालिकाको कोभिड आय र व्ययतर्फ गत वर्षको बाँकी मौज्दात रु. १,००,००० र अन्य स्रोतबाट प्राप्त रु. ५,००,००० गरी जम्मा रु. ६,००,००० मध्ये राहत वितरणमा रु. ३,७५,२४० खर्च गरी बाँकी रु. २,२४,७६० बाँकी मौज्दात देखाएको छ ।
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु.</th><th>खर्च शिर्षक</th><th>रकम रु.</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>१०००००</td><td>राहत वितरण</td><td>३७५२४०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटवाट</td><td></td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td></td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td></td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td></td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td></td><td>आइसोलेसन केन्द्र निर्माण</td><td></td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>५०००००</td><td>खोप कार्यक्रम खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td></td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>२२४७६०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** ६००००० ६००००० | |
| ८.२ | | | **समिति गठनः-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२)मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेकोरसमिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ८.३ | | | **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली,२०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्य योजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ । | |
| ८.४ | | | **प्रकोप व्यवस्थापन कोषः–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको रु. ६६,०८,०२८.९८ मौज्दात रहेकोमा रु. ५८,२७,३८७.२८ खर्च गरी रु. ७,८०,६४१.७० रकम बाँकी रहेको देखिन्छ । कार्यविधि बनाई प्रकोप व्यवस्थापन कोषको व्यवस्थापन गर्नुपर्दछ। | |
| ८.५ | | | **वार्षिक प्रतिवेदनः–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९ | | | **अनुदान प्राप्ति, उपयोग र फिर्ता**<br><br>**अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको देखाएको छ । उक्त बाँकी रकमको ब्यहोरा निम्नानुसार छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | बाँकी रकम |
|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३,०९,३५,६०१।२९ | ३,०९,३५,६०१।२९ |
| | विषेश | ३३,६७,१६०।०० | ३३,६७,१६०।०० |
| | समपुरक | ००।०० | ००।०० |
| | अन्य | ००।०० | ००।०० |
| प्रदेश सरकार | शसर्त | ६,३६,९८८।०० | ६,३६,९८८।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>विषेश</td><td>६,८७,२२२।००</td><td>६,८७,२२२।००</td></tr>
<tr><td></td><td>समपुरक</td><td>००।००</td><td>००।००</td></tr>
<tr><td></td><td>अन्य</td><td>००।००</td><td>००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३,४६,००,२६३।२९</td><td>३,४६,००,२६३।२९</td></tr>
</table>
म .ले.प.फा.न.२७२ को अनुसुची २१ मा फिर्ता गर्न बाँकी देखाएको रू ३,४६,००,२६३।२९ मध्ये आर्थिक बर्ष २०७८।७९,मिति २०७९।३।३१ मा रू २,७५,६४,०५३।२९फिर्ता गरेको फिर्ता रकम घटाउदा रू ७०,३६,२१०।००फिर्ता गर्न बाकी रहेको देखिन्छ । गाउपालिका कार्यालयले उक्त बाकी रकम पनि मिति २०७९।५।३१ र २०७९।६।२ मा फिर्ता गरेको भौचर पेश भएको अवस्थामा पनि सुत्रको आर्थिक बिवरण म. ले .प. फाराम २७२ ले फिर्ता गर्न रू ३,४६,००,२६३।२९ बाकी देखाएकोले पालिकाले यस सम्बन्धमा यकिन गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>ठेक्का अभिलेख</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>कार्य स्वीकार प्रतिवेदनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्यआपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको निम्न ब्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ ।<br>१ . खरिद सम्झौता संख्या,<br>२. सम्पन्न भएको निर्माण कार्य, प्राप्त भएको माल समान वा सेवाको बिवरण,<br>३.निर्माण कार्य सम्पन्न भएको वा माल समान वा सेवा प्राप्त भएको मिति,<br>४. सम्पन्न निर्माण कार्य, प्राप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | माथि उल्लेखित बमोजिमको ब्यहोरा प्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने ब्यवस्था छ । यस कार्यालयदारा आर्थिक बर्ष २०७८।०७९ मा संचालित वा बिगत आ.व .बाट सर्दै आएका यस बर्ष सम्पन भई भुक्तानी भएका योजनाहरुको कार्यालयले कार्य स्वीकार प्रतिबेदन तयार गरेको देखिएन । कार्यालयेले अधिकांश योजनाको नापी किताब र कार्य सम्पन्न प्रतिबेदन तयार गर्ने गरेको र उक्त प्रतिबेदनमा समेत कार्य शुरु भएको र सम्पन्न भएको मिति समेत उल्लेख नगरी प्राबिधिक र कार्यालय प्रमुखले सहि गरी रकम भुक्तानी गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था पालना नगरी गरेका कार्य समयमा नै भएका हुन भन्न सकिने आधार देखिएन । अतः पालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था पालना गर्नतर्फ ध्यान दिनु पर्दछ । | |
| १०.२ | | | **गुणस्तर परीक्षणः** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माण व्यावसायीबाट आपर्ति गरेका अधिकाशं तथा उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अत गाउपालिका कार्यालयले आपुर्ति गरेका समान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गराउनतर्फ ध्यान दिनु पर्दछ । | |
| ११ | | | **सम्पत्ति उपयोग तथा संरक्षणतर्फ** | |
| ११.१ | | | **जिन्सी निरीक्षण प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४, ५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने विभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार प्रयोगमा नरहेका १८ किसिमका ५३ वटा सामाग्रीहरुमध्ये १७ किसिमका ५२ वटा सामान मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने, १ किसिमका १ सामाग्री वाटर डिस्पेन्सर मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने देखिन्छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत तथा लिलाम गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत तथा लिलाम गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ । कार्यालयले पेश गरेको प्रतिवदेनमा चालु आर्थिक वर्षमा खरिद गरेको सवारीसाधन वा मालसमानको जिन्सीमा स्पेसिफिकेशस उल्लेख गरी अद्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **सार्वजनिक सम्पत्तिको अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिंदैन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ । | |
| ११.३ | | | **जिन्सी लगत खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । | |
| ११.४ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोरअभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनुरअभिलेख राख्नु पर्दछ । | |
| ११.५ | | | **स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |
| ११.६ | | | **वडा कार्यालयबाट सामाग्री खरिदः** पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । पालिकाले पाम्स सफ्टवेयरमा जिन्सी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अद्यावधिक हुन सक्दैन् । अतः वडा कार्यालय मार्फत् हुने खरिदलाई पनि पाम्समा आवद्ध गर्नेतर्फ ध्यान दिनु पर्दछ । | |
| १२ | | | **कानून निर्माणतर्फ**<br><br>**न्यायीक समितिः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो बर्ष थप भएको २० गरी कुल २५ विवाद दर्ता भएकोमा १० वटा मात्र फछ्र्यौट भई १५ बाँकी रहेको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । पालिकाले ४ वाट ऐन, २ वटा नियमावली, ७ वटा कार्यविधि, २ वटा कार्यक्रम र १ वटा निर्देशिका गरी १६ वटा कानून बनाई सेवा प्रवाहमा प्रभावकारिता ल्याइएको पाइयो । | |
| १३ | | | **आर्थिक सहायता तथा विविधतर्फ** | |
| १३.१ | | | **आर्थिक सहायताः-** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी बिभिन्न ६४ जनालाई रु. ५,००,००० आर्थिक सहायता वितरण गरेको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| १३.२ | | | **खाना तथा विविध खर्चः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधका लागि रु. १०,००,००० खर्च गरेको छ । पालिकाले कूल आन्तरिक आय रु. २,०५,२०,२९२ को ४.८७ प्रतिशत मात्र खाना तथा विविधमा खर्च गरेको छ । यस्तो खर्च औचित्यको आधारमा मात्र गर्नु पर्दछ । | |
| १४ | | | **सेवा प्रवाहको स्थिति** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ वटा ऐन, ४ वटा नियमावली, ३२ वटा कार्यविधि, ५ वटा निर्देशिका, १ वटा मापदण्ड, १ वटा प्रणाली र अन्य ४ गरी ६० वटा कानून स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | विवरण प्राप्त नभएको |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १६०८ |
| मृत्युदर्ता | ३४५ |
| बसाईसराई दर्ता | १३४५ |
| विवाह दर्ता | ६१० |
| सम्बन्धविच्छेद दर्ता | ५ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ३ कि.मि. |
| कालोपत्रे सडक मर्मत | विवरण प्राप्त नभएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>२० कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>२५ कि.मि.</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । यसरी पालिकामा अपाङ्गमैत्री सेवा, हेल्पडेस्क सुविधा, महिलामैत्री सुविधा तथा अनलाईन सुविधा लगायतको सुविधा प्रदान गरेको छैन् ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सशर्त पुजिगत</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु६४,९२,५८३।००निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि. न</th><th>बिधालयको नाम</th><th>कामको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>माध्यामिक बिधालय कोटातुलसीपुर</td><td>भवन निर्माण</td><td>४४६,,३६७।००</td></tr>
<tr><td>२</td><td>मोहुन्याल मा.बि बास्ताकोटी</td><td>भवन निर्माण</td><td>१३,४६,२१६।००</td></tr>
</table></td><td>६,४९२,५८३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>सन्त मुरारी मा.बि बौनिया</td><td>नमुना बिद्यादष कार्यक्रम</td><td>४७,००,०००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६४,९२,५८३।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>अनुदान ब्यवस्थापनः कार्यक्रम कार्यान्यिन पुस्तिका २०७८।७९ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७८।७९ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।
<table>
<tr><th>सि.न.</th><th>बिद्यालयको नाम</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोहन्याल मा.बि बास्ताकोटी</td><td>ICT ल्याब स्थापना</td><td>६,००,०००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>पूँजिगत अनुदानबाट शिक्षक तलब अनुदानः बिद्यालय ब्यवस्थापन लगाएतका सम्पूर्ण क्रियाकलापहरु शैक्षिक गुणस्तर सुधार गर्न नेपाल सरकारले सर्शत अनुदानबाट बिद्यार्थी संख्याको आधारमा रकम निकासा दिने ब्यवस्था गरी सर्शत शिर्षकबाट खर्च लेखेको अवस्थामा यस पालिकाका कार्यालयले पालिका पूँजिगत शिर्षकबाट बाल शिक्षिका, बिद्यालय कर्मचारी र सहयोगीलाई अनुदान भनी भौचर न २०८।२०७९।३।२५ बाट रु. ७,१९,४६६।०० निकासा दिएकोमा बिद्यालयले उक्त रकम के कुन कार्यमा खर्च गरे ,बिद्यालयको शैक्षिक क्षेत्रमा के कस्तो असर परेको छ सो बोरे अनुगमन समेत गरेको देखिएन । साथै बिद्यालयलाई पालिकाले रकम बिनियोजन गर्दा निश्चित योजना तोकी बिनियोजन गर्नु पर्नेमा सो गरेको देखिएन । अतः पालिकाले अनुदान रकम बिनियोजन</td><td>७१९,४६६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्दा योजनाको माग गरी बिवरण लिई सोही अनुसार बिनियोजन गरी निकासा दिनु पर्नेमा सो गरेको देखिएन । यसरी योजना नतोकी शैक्षिक अनुदान भनी शिक्षकको तलबको लागि निकासा दिएको नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>१५.४</td><td></td><td></td><td>फरक शिर्षकमा खर्चः आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले वसन्तकुमारी मा.बि.मुढाको डिपि आरको लागी रू ५,००,०००।००निकासा भएकोमा कार्यालयले उक्त कार्यमा टर्क्नो इ सोलुशनलाई रू ३,८४,०००।००भुक्तानी दिएकोमा बाकी रू १,२४,०००।०० बिद्यालयका कर्मचारीले कार्यमा सहयोग गरेको भनी खर्च लेखेको नियम संगत देखिएन । साथै उक्त रकमबाट श्री भुमीप्रकाश वम काठमाण्डौ मानव बिकास केन्द्रमा तालिममा गएको भनी रू २८,३५०।००भुक्तानी लिएकोमा मानव बिकास केन्द्रले तालिममा बोलाएको पत्र र तालिमबाट फिर्ता पठाएको पत्र बिलमा देखिएन । अत तालिममा गएको भए तालिममा बोलाएको र फिर्ता पठाएको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल हुनु पर्ने देखिएको रु ।</td><td>२८,३५०</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>गाउँपालिका चालुतर्फ</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>शीर्षक फरक पारी खर्चः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्राप्त गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी बजेट शीर्षक अनुसार खर्च लेखाङ्कन गर्नु पर्दछ । पालिकाले देहाय बमोजिम रु. १७,३७,१७६ खर्च फरक शीर्षकबाट गरेको पाइयो । अतः फरक शीर्षक पारी गरिएको खर्च नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>शीर्षक हुनुपर्ने</th><th>शीर्षक भएको</th><th>रकम रु.</th></tr>
<tr><td>६६०।०७८।१२।९</td><td>घरभाडा</td><td>बीमा तथा नबीकरण</td><td>५८६६३२</td></tr>
<tr><td>७३४।०७८।१२।१७</td><td>सवारी भाडा</td><td>अन्य कार्यालय सञ्चालन</td><td>६३००००</td></tr>
<tr><td>७६७।०७८।१२।२५</td><td>बैठक भत्ता</td><td>फिल्ड भत्ता</td><td>८००००</td></tr>
<tr><td>९०५।०७९।२।५</td><td>सवारी भाडा</td><td>विविध कार्यक्रम</td><td>९७५००</td></tr>
</table></td><td>१,७३७,१७६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२०६।०७९।३।२१</td><td>घरभाडा</td><td>सेवा र परामर्श</td><td>१८९०४४</td></tr>
<tr><td>१२५८।०७९।३।२५</td><td>विविध</td><td>विविध कार्यक्रम</td><td>१५४०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७,३७,१७६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>
जिन्सी दाखिला : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसमानको बिवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दाी बाँधी लगत अधावधिक गर्नु पर्ने ब्यवस्था छ । यस पालिका कार्यालयलेआर्थिक बर्ष २०७८।७९ मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका समानहरूको बिवरणमा स्पेसिफिकेशन उल्लेख गरेको देखिएन । यसरी स्फेसिफिकेशन बेगर जिन्सी खातामा आम्दानी जनाएका समानको पूर्ण बिवरण खुल्ने अवस्था देखिन । अतः पालिका कार्यालयले जिन्सी दाखिला गर्दा परल मुल्यमा सम्पत्ति तथा समानको स्पेशिफिकेशन सहितको बिवरण खुलाई जिन्सी कितावमा आम्दानी जनाउनु पर्दछ ।केही उदाहरण निम्न छनः
<table>
<tr><th>भौ.नं.र मिति</th><th>समानको नाम</th><th>मूल्य</th><th>कैफियत</th></tr>
<tr><td>७५९।०७८।१२।२५</td><td>डेस्कटप कम्प्युटर थान १</td><td>८८१४०</td><td>स्पेसिफिकेशन खुलाइएको पाइएन ।</td></tr>
<tr><td>७६०।०७८।१२।२५</td><td>ल्यापटप थान १</td><td>९९४४०</td><td>स्पेसिफिकेशन खुलाइएको पाइएन ।</td></tr>
<tr><td>८५८।०७९।१।१४</td><td>ल्यापटप थान १</td><td>९७९७१</td><td>स्पेसिफिकेशन खुलाइएको पाइएन ।</td></tr>
<tr><td>८८५।०७९।१।२७</td><td>डेस्कटप थान १ र स्कानर थान १</td><td>९९७६९</td><td>स्पेसिफिकेशन खुलाइएको पाइएन ।</td></tr>
<tr><td>८८७।०७९।१।२७</td><td>डेस्कटप थान १</td><td>७६८४०</td><td>स्पेसिफिकेशन खुलाइएको पाइएन ।</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>९७९।०७९।२।३०</td><td>मोबाइल थान २</td><td>९३२००</td><td>स्पेसिफिकेशन खुलाइएको पाइएन ।</td></tr></table></td><td></td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>दाखिला बेगर भुक्तानीः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) बमोजिम बजेट खर्च लेख्दा खर्चका बील भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको सामान खरिद गरी दाखिला बेगर रु. ४,९८,८९५ भुक्तानी गरेकोले उक्त सामानको दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.<table><tr><td>भौ.नं.र मिति</td><td>विवरण</td><td>रकम रु.</td><td>कैफियत</td></tr><tr><td>९७१।०७९।२।२३</td><td>न्यायिक समितिको डोकुमेन्ट्री (समाज परिवर्तनका लागि वातावरण संरक्षण प्रवर्द्धन)</td><td>४९८८९५</td><td>दाखिला प्रमाण बेगर भुक्तानी ।</td></tr></table></td><td>४९८,८९५</td></tr>
<tr><td>१६.४</td><td>७३४</td><td>२०७८-१२-१७</td><td>सवारी भाडा बढी भुक्तानीः गाउँपालिका अध्यक्षको प्रयोजनको लागि सवारी भाडा मिति २०७८।७।१ देखि मिति २०७८।९।३० सम्मको सम्झौता पत्र अनुसार प्रतिदिन रु. ७००० को दरले सवारी धनीलाई भुक्तानी दिने शर्त अनुसार ८९ दिनको सवारी भाडा मात्र सम्बन्धित सवारी धनीलाई भुक्तानी दिनुपर्नेमा ९० दिनको भुक्तानी भएकोले १ दिनको बढी भुक्तानी भएको भाडा रु. ७,००० सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.</td><td>७,०००</td></tr>
<tr><td>१६.५</td><td>८७४</td><td>२०७९-१-२१</td><td>घटी बीलःआर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाका अधिकृत छैठौं गोविन्दराज रेग्मीले ३ दिने कर्मचारी र पदाधिकारी क्षमता अभिवृद्धि तथा अभिमुखीकरण तालीमको लागि रु. ५,००,००० को भुक्तानी प्राप्त गरेकोमा भौचर संलग्न मात्र रु. ४,८०,४९९ को बील भरपाई पेश गरेको हुँदा नपुग बील भरपाई रु. १९,५०० निजबाट असूल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१९,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.६ | | | **सम्झौता पत्र भन्दा बढी तलब भुक्तानीः** करार कार्यविधि निर्देशिका अनुसार करारको कर्मचारीलाई करार सम्झौतामा तोकिएको सेवा सुबिधा भन्दा बढी सुबिधा भुक्तानी गर्न मिल्दैंन् । पालिकाले देहाय बमोजिमका करारका कर्मचारीलाई सम्झौता पत्रमा उल्लेख भएको भन्दा रु. १०,७५२ बढी भुक्तानी भएको तलब यकिन गरी असूल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. केहि उदाहरणः | १०,७५२ |

| क्र.सं. | विवरण | तह | सम्झौतामा उल्लेख भएको रु. | प्राप्त गरेको रु. | पौष मसान्तसम्म चाडपर्व समेतको बढी भुक्तानी भएको रु. |
|---|---|---|---|---|---|
| १ | युरिन कुश्मी | अनमी | २४१७० | २४५०४ | २३३८ |
| २ | अंकिता भण्डारी | अनमी | २४१७० | २४५०४ | २३३८ |
| ३ | पुष्पा चौधरी | अनमी | २४१७० | २४५०४ | २३३८ |
| ४ | जगरती चौधरी | एच ए | २४१७० | २४५०४ | २३३८ |
| ५ | इन्द्र कमल चौधरी | एल ए | २२००० | २२२०० | १४०० |
| जम्मा | | | | | १०,७५२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.७ | | | **प्रमाण कागजात बेगर भुक्तानीः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ । | |

| सि.नं. | भौ.नं.र मिति | नाम | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>३४८।०७८।९।१४</td><td>बसन्त मुरारी नमूना मा.वि.</td><td>मा.वि.स्तरीय उपाध्यक्ष भलिबल प्रतियोगिता</td><td>१०००००</td><td>कार्यक्रमको प्रतिवेदन पेश भएको पाइएन ।</td></tr>
<tr><td>२</td><td>४१६।०७८।९।२७</td><td>अनिल ओलीको पे.फ.</td><td>व्यवसायिक बाख्रापालन तालीम</td><td>८००००</td><td>कार्यक्रमको लागत अनुमान पेश भएको पाइएन ।</td></tr>
<tr><td>३</td><td>४१७।०७८।९।२७</td><td></td><td>करार कर्मचारी छनौट</td><td>१६१७९०</td><td>छनौट गर्दा लाग्ने खर्च सहितको लागत अनुमान पेश भएको पाइएन ।</td></tr>
<tr><td>४</td><td>६२६।०७८।११।२३</td><td>बसन्त मुरानी नमूना मा.वि.</td><td>बिभिन्न खेलकुद कार्यक्रम</td><td>५०००००</td><td>कार्यक्रमको लागत अनुमान, प्रतिवेदन तथा खर्चको तेरीज पेश भएको पाइएन ।</td></tr>
<tr><td>५</td><td>९२९।०७९।२।११</td><td>वडा नं. ६</td><td>जनप्रतिनिधि तथा कर्मचारीको भ्रमण अवलोकन</td><td>२२२८१०</td><td>कार्यक्रमको लागत अनुमान, खर्चको तेरीज तथा</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued nested table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवेदन पेश भएको पाइएन । |
| ६ | ११११।०७९।३।१५ | पानमती कुमारी राना | हाते पेन्टिङ्ग कार्यक्रम | १९१३१० | कार्यक्रमको लागत अनुमान पेश भएको पाइएन । |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.८ | | | **कार्यविधि बेगर आर्थिक सहायताः** कार्यपालिकाको निर्णय अनुसार देहाय बमोजिमको आर्थिक सहायता कार्यविधि बेगर भुक्तानी भएको छ । पालिकाले कार्यविधि बनाई मात्र अधिकतम रकम आर्थिक सहायता दिनु पर्दछ । | |

| भौ.नं.र मिति | भुक्तानी लिनेको नाम | आर्थिक सहायता रकम रु. | कैफियत |
|---|---|---|---|
| ४५८।०७८।१०।९ | गोकर्ण प्रसाद उपाध्याय | ५०००० | अन्य सहायता |
| ६४६।०७८।११।२७ | फुल कुमारी देवी डगौरा | ५०००० | कोभिडले मृत्यु भएकोमा |
| १२१६।०७९।३।२२ | मिथुन गौतम | ५०००० | क्याम्पस संचालन खर्च |
| जम्मा | | १५०००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.९ | | | **कार्यक्रममा दोहोरो खर्चः** प्रदेश कार्यविधि ऐन, २०७४ को दफा ३७.५ मा स्वीकृत कार्यक्रम भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको वार्षिक स्वीकत कार्यक्रम अन्तर्गत सञ्चालित निम्न कार्यक्रमहरुमा सहभागीहरुलाई दैनिक भ्रमण भत्ता, स्टेशनरी खर्च, गाडी भाडा र ईन्धन उपलब्ध गराई अवलोकन भ्रमणमा सहभागी गराएकोमा खाना तथा खाजाको बील समेत पेश गरेको पाइयो । | ५७,९५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यसरी कार्यक्रममा सहभागीहरुलाई दैनिक भ्रमण भत्ता दिएकोमा पुनः खाना तथा खाजाको बील रु. ५७,९५१ खर्च लेखेकोमा पालिकाले उक्त प्रयोजनका लागि सहजीकरण गर्दाको रकम खर्च दोहोरो हुने गरी खर्च लेखेको असूल गरी दाखिला गर्नुपर्ने रु. | |
| १६.१० | | | **सफ्टवेयर खरिदः-** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । यस पालिकाले सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु. ९,७२,८४६ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नु पर्दछ । | |

| गो.भौ.नं.र मिति | विवरण | रकम रु. | दोहोरो खाना तथा खाजाको खर्च रु. |
|---|---|---|---|
| ३०९।०७८।९।१ | विद्यायन समितिको अध्ययन अवलोकन भ्रमण (ना.सु. गोबिन्दराज जोशी) | ३२०३१५ | ५७,९५१ |

| भौ.नं.र मिति | विवरण | प्रयोजन | रकम रु. |
|---|---|---|---|
| ५२१।०७८।१०।२४ | जिओसफ्ट टेक्नोलोजी प्रा.लि. | अनलाइन सफ्टवेयर जडान | ४९८३३० |
| | सिफारिस तथा चिठ्ठीपत्र व्यवस्थापन प्रणाली | कार्यालय प्रयोजन | ४७४५१६ |
| जम्मा | | | ९,७२,८४६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.११</td><td></td><td></td><td>डी.पी.आर.खर्चः —बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>गाउँपालिकाको आ.व. २०७७।०७८ को सामाजिक परीक्षण कार्यक्रम</td><td>केदार ग्रामीण विकास समाज नेपाल</td><td>४९९८४६</td><td>४९९८४६</td><td></td></tr>
<tr><td>गाउँपालिकाको रिङ्गरोडको डि.पी.आर.</td><td>के.एस.इन्जिनियरिङ्ग कन्सल्टिङ्ग प्रा.लि.</td><td>१३८६०८९</td><td>१३८६०८९</td><td></td></tr>
<tr><td>मा. वि. कोटा तुल्सीपुरको डि.पी.आर.</td><td>दिनेश इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>९९५६१४</td><td>९९५६१४</td><td></td></tr>
<tr><td>गाउँपालिकाको रिङ्गरोड (दक्षिणतर्फ) डि.पी.आर.</td><td>नेपाल सिभिल एण्ड एग्रिकल्चरल डेभलपमेन्ट कन्सल्टेन्सी</td><td>१३५०३०४</td><td>१३५०३०४</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा नं. ६ स्थित मोहन्याल मा.वि.को डि.पि.आर.</td><td>अपी सैपाल कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग कन्सल्टयांट</td><td>९९५०००</td><td>९९५०००</td><td></td></tr>
<tr><td>पालिकाको सामाजिक समावेशीकरण नीति, आयोजनाहरुको मर्मत सम्भार तथा सञ्चालन सम्बन्धी कार्यविधि</td><td>समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.</td><td>४९१५५०</td><td>४९१५५०</td><td></td></tr>
<tr><td>वडा नं. ३ रानिकुण्डा बर्दगोरियाको स्कूल भवनको डि. पी. आर.</td><td>टि. पि. एच. डेभलपमेन्ट इन्जिनियर्स प्रा.लि.</td><td>१४९१६००</td><td>१४९१६००</td><td></td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td><td></td></tr>
<tr><td>१६.१२</td><td></td><td></td><td>
सम्झौता पत्रमा उल्लेख नभएको तलब भत्ताः करार कार्यविधि निर्देशिका अनुसार करारको कर्मचारीलाई करार सम्झौतामा तोकिएको सेवा सुबिधा भन्दा बढी सुबिधा भुक्तानी गर्न मिल्दैंन् । पालिकाले देहाय बमोजिमका करारका कर्मचारीलाई सम्झौता पत्रमा उल्लेख नभएको तलब भत्ता देहाय बमोजिम भुक्तानी दिएको पाइयो । यसरी तलब भत्ता भुक्तानी गर्दा सम्झौता पत्रमा उल्लेख गरी मात्र भुक्तानी गर्नु पर्दछ। केहि उदाहरणहरुः
<table>
<tr><th>विवरण</th><th>तह</th><th>बर्षभरीको तलब भत्ता</th><th>कैफियत</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>धिरेन्द्र बहादुर चौधरी</td><td>ना.प्र.स.</td><td>३८१९३०</td><td>सम्झौता पत्रमा उल्लेख नभएको तलब भत्ता</td></tr>
<tr><td>गुल्सन कुमारी चौधरी</td><td>उद्यम विकास सहजकर्ता</td><td>३८१९३०</td><td>सम्झौता पत्रमा उल्लेख नभएको तलब भत्ता</td></tr>
<tr><td>कृष्ण चौधरी</td><td>उद्यम विकास सहजकर्ता</td><td>३८१९३०</td><td>सम्झौता पत्रमा उल्लेख नभएको तलब भत्ता</td></tr>
<tr><td>अनिल ओली</td><td>ना.प्र.स.</td><td>३८१९३०</td><td>सम्झौता पत्रमा उल्लेख नभएको तलब भत्ता</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.१३</td><td></td><td></td><td>करार सम्झौताः पालिकाले बिभिन्न पदको लागि करार तथा ज्यालादारी कर्मचारीलाई पालिकामा सेवाको लागि करार कर्मचारीसँग सम्झौता पत्र गर्दा १ महिना, ३ महिना र ६ महिना गरी तीन किसिमको अवधि राखेर सम्झौता गरेको पाइयो । यसरी सम्झौता गर्दा पालिकाले एकरुपता गरी मात्र सम्झौता पत्र गर्नेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६.१४</td><td></td><td></td><td>स्रेस्ता पेश नभएकोः सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि निमावली, २०७६ को दफा ३७ (८) बमोजिम कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ। खर्च भएको सबै रसिद बिल भरपाईहरुमा सिलसिलेबार नम्बर कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाको समानिकरण चालुको बैंक नगदी किताब अनुसार खर्च भएको तर गोश्वारा भौचर र सो खर्चलाई पुष्टयाई गर्ने रु. ८,७७,३२५ कागजात पेश नभएकोले श्रेस्ता पेश हुनुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रकम रु.
<table>
<tr><td>गोश्वार भौचर</td><td>विवरण</td><td>प्रयोजन</td><td>खर्च रकम</td></tr>
<tr><td>१२१९।०७९।३।२२</td><td>पेश्की फर्छयौट</td><td>पेश्की फर्छयौट र भुक्तानी</td><td>८,७७,३२५</td></tr>
</table>
</td><td>८७७,३२५</td></tr>
<tr><td>१६.१५</td><td></td><td></td><td>प्रयोजन विहिन खर्चः कार्यलयले निम्न खर्चहरुको प्रयोजन, कार्यक्रम,कार्यविधी सहभागिता तथा खर्च पुष्टयाई हुने यथेष्ठ प्रमाण संलग्न नगरी भुक्तानी दिएको छ । यस्तो खर्च कामको औचित्यता वेगर भुक्तानी गर्नेलाई जिम्मेवार समेत बनाउनुपर्ने अनियमित खर्च रु.</td><td>९९,०२३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>खर्च रकम रु.</th></tr>
<tr><td>९०९।०७९।२।५</td><td>पालिकाका बिभिन्न कर्मचारी तथा पदाधिकारीहरुको मोबाइलमा भट्ट ट्रेड एण्ड सप्लायर्सबाट सञ्चार खर्च भनी रकम ट्रान्सफर गरेको ।</td><td>९९,०२३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.१६</td><td></td><td></td><td>
अन्य संस्थालाई भुक्तानीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट अन्य संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. ५,४८,४६५ रकम भुक्तानी भएको औचित्यता समेत देखिएन। त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन् ।
<table>
<tr><th>सि.नं.</th><th>संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>बर्दगोरिया साहित्य तथा सांस्कृतिक मञ्च</td><td>बिभिन्न कार्यक्रम</td><td>१४९३००</td></tr>
<tr><td>२</td><td>सडकपुर बौनिया युवा क्लब</td><td>खेलकुद कार्यक्रम</td><td>१०००००</td></tr>
<tr><td>३</td><td>हमार अंगना युवा क्लब</td><td>डकुमेन्ट्री निर्माण</td><td>९९१६५</td></tr>
<tr><td>४</td><td>राइजिङ्ग स्टार युवा क्लब</td><td>बिभिन्न खेलकुद कार्यक्रम</td><td>२०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५,४८,४६५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.१७</td><td></td><td></td><td>लागत अनुमान नभएकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) बमोजिम रु. १ लाख वा सो भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय बमोजिम खरिद गरे बापत रु. ४,९४,२२८ भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार पारेको छैन्।
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१</td><td>४२८।०७८।९।२८</td><td>जनता आधारभूत विद्यालयको फिल्डमा माटो भर्ने कार्यको लागि (एच.वी.कन्स्ट्रक्सन)</td><td>४,९४,२२८</td></tr>
</table>
लागत अनुमान तयारी बेगर खरिद कार्यले मितव्ययिता, पारदर्शिता, जबाफदेहिता कायम हुन सक्दैन। तसर्थ यस्तो प्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१६.१८</td><td></td><td></td><td>अनुगमन भत्ताः- पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । त्यस्तै कर्मचारीलाई पनि कार्यालयको कामको सिलसिला कार्यालय बाहिर जानु परेमा भ्रमण आदेश स्वीकृत गरि जानु पर्ने र सोहि अनुसार भ्रमण भत्ता उपलब्ध गराउनुपर्दछ । पालिकाले ऐनमा व्यवस्था पनि नभएको तथा सवैलाई कार्यक्रम अनुगमन गरेको भनि अनुगमन भत्ता वापत रु. ९,७४,१०० भुक्तानी गरेको छ । ऐनमा भएको व्यवस्था विपरित भुक्तानी भएको अनुगमन भत्तालाई नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><th>भौ नं.</th><th>कार्यक्रम</th><th>कार्यक्रम गर्ने</th><th>भुक्तानी लिने</th><th>रकमरु.</th></tr>
<tr><td>४५७।०७८।१०।९</td><td>पदाधिकारी तथा जनप्रतिनिधिहरुलाई अनुशिक्षण कार्यक्रम</td><td>मदन जोशीको पे.फ.</td><td>पालिकाका ८ जना पदाधिकारीहरुले ६ दिनसम्मको</td><td>१८०००</td></tr>
<tr><td>५७८।०७८।११।८</td><td>योजनाहरु अनुगमन</td><td>वडा नं.५</td><td>पालिकाका १० जना पदाधिकारीहरु</td><td>४४०००</td></tr>
</table></td><td>९७४,१००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>तथा कर्मचारीहरु ५ दिनसम्मको</td><td></td></tr>
<tr><td>८४६।०७९।१।११</td><td>योजना अनुगमन</td><td>वडा नं.२</td><td>पालिकाका ५ जना पदाधिकारीहरु तथा कर्मचारीहरु ५ दिनसम्मको</td><td>३५०००</td></tr>
<tr><td>९४०।०७९।२।११</td><td>योजना अनुगमन</td><td></td><td>पालिकाका १७ जना कर्मचारी तथा पदाधिकारीहरु ३५ दिनसम्मको</td><td>३५३७००</td></tr>
<tr><td>१२४१।०७९।३।२४</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन</td><td></td><td>पालिकाका १० जना कर्मचारीहरु ३० दिन सम्मको</td><td>१९१०००</td></tr>
<tr><td>१२६९।०७९।३।२५</td><td>योजना अनुगमन भत्ता</td><td></td><td>पालिकाका ५ जना पदाधिकारी तथा १४ जना कर्मचारीहरु गरी १९ जनाले ३० दिन सम्मको</td><td>३३२४००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९,७४,१००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.१९ | | | **तालिम कार्यक्रम सञ्चालनः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को (आठौं संस्करण) ७.१.१५ अनुसार तालीम तथा कार्यक्रम गर्दा लाग्ने खर्चको अनुसूची तथा विवरण अनुसार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको बमोजिमको कार्यक्रम तथा तालीम गर्दा निर्देशिकामा भएको व्यवस्था बमोजिमको खर्च गरिने लागत अनुमान सहितको नर्मस तयार नगरी बिभिन्न संस्थासँग कोटेशनमा माग तथा सम्झौता पत्रको आधारमा तालीम तथा कार्यक्रम सञ्चालन गरेको पाइयो । यस्तो तालीम वा कार्यक्रम निर्देशिका अनुसारको लागत अनुमान सहितको नर्मस जिम्मेवार व्यक्तिबाट स्वीकृत गराई मात्र खर्च गर्नु पर्दछ । | |

| क्र.सं. | भौ.नं.र मिति | संस्थाको नाम | तालीम वा कार्यक्रमको नाम | खर्च रु. |
|---|---|---|---|---|
| १ | ४७८।०७८।१०।१७ | कावेरी मिडिया प्रा.लि. | पत्रकारिता तालीम, जनतासँग उपाध्यक्ष संवाद कार्यक्रम, विपन्न दलित परिवारका वालविकास चेतनामूलक कार्यक्रम र मत्स्यपालन शसक्तिकरण तालीम | ३९६२२९ |
| २ | ५९७।०७८।११।१० | समाज परिवर्तनका लागि वातावरण संरक्षण प्रवर्द्धन नेपाल | बरघर भल्भान्सा एवं मुखियाहरुलाई सामाजिक सचेतना तालीम कार्यक्रम | १४५५१५ |
| ३ | ६०८।०७८।११।१२ | बैज्ञानिक मिडिया प्रा.लि. | माटो परीक्षण सम्बन्धी सचेतनामूलक तालिम, सीपमूलक तालीम, बिभिन्न लक्षित कार्यक्रमहरु | ४७१३२३ |
| ४ | ७०८।०७८।१२।१४ | एस.ओ.के.मिडिया | वडा स्तरीय लक्षित कार्यक्रम | ४७५५०५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>८३५।०७९।१।७</td><td>समृद्ध नेपाल ट्रेनिङ्ग सेन्टर</td><td>डिप्लोमा कम्प्युटर तालीम</td><td>२७५२६८</td></tr>
<tr><td>६</td><td>१०२१।०७९।३।६</td><td>समृद्ध नेपाल ट्रेनिङ्ग सेन्टर</td><td>महिलाहरुलाई नेतृत्व क्षमता अभिवृद्धि तालीम सञ्चालन</td><td>१७९१०५</td></tr>
<tr><td>७</td><td>११८१।०७९।३।१९</td><td>खसड तालीम तथा रोजगार मल्टिप्रपोज प्रा.लि.</td><td>महिला अधिकारी सम्बन्धी तालीम</td><td>४९७५००</td></tr>
<tr><td>८</td><td>११८३।०७९।३।२०</td><td>कोशेली मिडिया प्रा.लि.</td><td>जनप्रतिनिधि तथा कर्मचारीहरुलाई न्यायिक प्रशासनिक तालीम</td><td>४९५९५७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.२०</td><td></td><td></td><td>बैठक भत्ताः पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदूरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भए अनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । उक्त ऐनमा पदाधिकारीलाई कार्यपालिका र सभाको बैठक बाहेक अन्य बैठकको भत्ता उपलब्ध गराउन मिल्ने व्यवस्था भएको देखिंदैन । त्यस्तै अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०७७ को (आठौं संस्करण) बुँदा नं. ७.१.१ अनुसार प्रयोजन खुल्ने गरि मात्र बैठक बस्ने, कानून बमोजिम गठन भएका र एकै निकायका मात्र पदाधिकारी/कर्मचारी नभएको बैठकमा मात्र बैठक भत्ता उपलब्ध गराउन सकिने व्यवस्था छ । ऐन तथा निर्देशिका विपरितको बैठक भत्ता रु. ११,९७,७०० भुक्तानीलाई नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>प्रयोजन</th><th>विवरण</th><th>रकम</th><th></th></tr>
</table>
</td><td>१,१९७,७००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | ३२२।०७८।९।११ | खरिद समितिको बैठक | पालिकाका १७ जना कर्मचारीहरु १४ दिनसम्म | ९७४०० | | |
| | | | २ | ३७१।०७८।९।२१ | फारम मूल्याङ्कन समितिको बैठक | पालिकाका ७ जना कर्मचारीहरु १ दिनको | १०५०० | | |
| | | | ३ | ५४७।०७८।१०।२७ | बिभिन्न समितिको बैठक (एम. आई. एस. सम्बन्धी) | पालिकाका ३६ जना पदाधिकारी तथा कर्मचारीहरु ३३ दिनसम्मको | ३१४८०० | | |
| | | | ४ | ५६७।०७८।११।५ | खरिद समितिको बैठक | पालिकाका २० जना कर्मचारीहरु २७ दिनसम्मको | १८६००० | | |
| | | | ५ | १००५।०७९।३।२ | खरिद समितिको बैठक | पालिकाका २१ जना कर्मचारीहरु २७ दिनसम्म | १९०००० | | |
| | | | ६ | ११०७।०७९।३।१५ | खरिद समितिको बैठक | पालिकाका १३ जना कर्मचारी ६ दिनसम्मको | ४५००० | ० | |
| | | | ७ | ११२७।०७९।३।१६ | विपन्न नागरिक उपचार सिफारिस समितको बैठक | पालिकाका १ जना पदाधिकारी तथा ४ | ११६००० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>जना कर्मचारी ३९ दिनसम्मको</td><td></td><td></td></tr>
<tr><td>८</td><td>११३९।०७९।३।१७</td><td>बिभिन्न समितिको बैठक</td><td>पालिकाका ३२ कर्मचारीहरु २६ दिनसम्मको</td><td>२३८०००</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११,९७,७००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.२१</td><td></td><td></td><td>अनुदानबाट शिक्षकको तलब भत्ता: अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई राजश्व बाँडफाँड शीर्षकबाट १७ विद्यालयका ५४ नीजि शिक्षकहरुलाई रु. ९५,८८,००० तलब भुक्तान गरेको पाइयो । सशर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा राजश्व बाँडफाँड शीर्षकबाट खर्च लेख्ने कार्य अनियमित देखिएको रु.</td><td>९,५८८,०००</td></tr>
<tr><td>१६.२२</td><td></td><td></td><td>प्रशिक्षक भत्ता: अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य संचालन निर्देशिका, २०७७ को (आठौं संस्करण) बुँदा नं. ७.१.१५ अनुसार पालिकामा सञ्चालन हुने सहायक स्तरको तालिम तथा प्रशिक्षण भत्ता रु.१५००.० (कार्यपत्र सहित) तथा अधिकृतस्तरको रु. १८०० (कार्यपत्र सहित) उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले उक्त निर्देशिका विपरित तथा कुनै आधार बेगर आफ्नै पालिकाको दररेट निर्धारण गरि अधिकृतस्तरको प्रशिक्षकको लागि कार्यपत्र बेगर प्रति शेसन रु. २००० र सहायक स्तरको प्रशिक्षकको लागि रु. १८०० कायम गरि सोही अनुसार प्रशिक्षक भत्ता भुक्तानी गरेको छ । यसरी देहाय बमोजिमको कार्यक्रममा निर्देशिका बिपरीत बढी प्रशिक्षण भत्ता रु. ३९,९५० भुक्तानी भएको सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.</td><td>३९,९५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौ.नं. | कक्षा संख्या | दर प्रति कक्षा | जम्मा | निर्देशिका भन्दा बढी | विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १३८ | ४ | १५०० | ६००० | १७०० | नन्दा कुमारी भट्ट | इमिस सम्बन्धी तालीम |
| | ४ | १५०० | ६००० | १७०० | निरिख नन्दन लाल कर्ण | |
| ४५७ | ६ | २००० | १२००० | ५१०० | अर्जुन सिंह कार्की | उपभोक्ता समिति तथा पदाधिकारीहरुलाई अनुशिक्षण तालीम |
| | ६ | २००० | १२००० | ५१०० | नविन कुमार सिंह | |
| | ६ | १८०० | १०८०० | ५१०० | डील्ली प्रसाद खनाल | |
| | ६ | १८०० | १०८०० | ५१०० | विष्णु विष्ट | |
| ११११ | १५ | १२०० | १८००० | ५१०० | पानमती कुमारी राना | ५ दिने हाते पेन्टिङ्ग कार्यक्रम |
| १२६२ | ८ | २००० | १६००० | ६८०० | राजेन्द्र प्रसाद भट्ट | इमिस सम्बन्धी तालिम |
| | ५ | २००० | १०००० | ४२५० | नन्दा कुमारी भट्ट | |
| जम्मा | | | | ३९,९५० | | |

| | | | | |
|---|---|---|---|---|
| १६.२३ | | | **कर्मचारी कल्याण कोषः**– पालिकाले यस वर्ष राजश्व बाँडफाँडबाट कर्मचारी कल्याण कोषमा रु. १५,००,००० ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था | १,५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरी पालिकाले सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले कार्यविधि बेगर कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेको रु. | |
| १६.२४ | | | **सवारी भाडाः** सवारी भाडाको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रत्येक वर्ष प्रकाशन गरेको जिल्ला दररेटको आधारमा दरी तय गरी हुनुपर्नेमापालिकाले बिभिन्न कार्यालय प्रयोजन तथा अन्य प्रयोजन भनी सवारी भाडा बापत रु. ७,२८,००० भुक्तानी गरेको देखियो । सवारी भाडा सम्झौता पत्र गर्दा जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा मात्र लिनु पर्दछ । | |
| १६.२५ | | | **घरभाडाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ (१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचना पाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दररेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा बापत रु. १९,९८,५२८ भुक्तानी गरेको देखियो । घरभाडामा लिदा घरभाडा निर्धारण समितिले तय गरेको दररेटको आधारमा मात्र लिनु पर्दछ । | |
| १६.२६ | | | **दोहोरो भत्ताः** पालिकाले फिल्डका कर्मचारी इन्जिनियरलाई जनही रु. ७०००, सब इन्जिनियरलाई जनही रु. ६००० तथा असिस्टेन्ट सब इन्जिनियरलाई जनही रु. ५००० को दरले मासिक सुविधा फिल्ड भत्ता भुक्तानी गरेको पाइयो । यसरी दैनिक भ्रमणमा जाँदा देहाय बमोजिमका फिल्डका कर्मचारीहरुले दोहोरो पर्ने गरी फिल्ड भत्ता भुक्तानी प्राप्त गरेकोमा दोहोरो भुक्तानी भएको रकम रु. ५८३५ असूल गरी दाखिला गर्नुपर्ने रु. | ५,८३५ |

| **विवरण** | दैनिक भ्रमण अवधि | दैनिक भ्रमण खर्च | दोहोरो रकम | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| कुशुम धामी | ०७८।६।७ देखि ०७८।६।१० | ५१०० | ६६७ | १८३४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">(अ.सब.इन्जिनियर)</td><td>०७८।४।१४ देखि ०७८।४।१७</td><td>५२००</td><td>६६७</td><td rowspan="2"></td><td rowspan="6">भौ.नं.३४।०७८।६।१८</td></tr>
<tr><td>०७८।५।२९ देखि ०७८।६।१</td><td>४७००</td><td>५००</td></tr>
<tr><td>अभिषेक रिमाल जोशी (अ.सब.इन्जिनियर)</td><td>०७८।५।१३ देखि ०७८।५।१९</td><td>१४०००</td><td>११६७</td><td>११६७</td></tr>
<tr><td>सुनिल जोशी (सब इन्जिनियर)</td><td>०७८।४।३१ देखि ०७८।५।५</td><td>१४०००</td><td>१२००</td><td>१२००</td></tr>
<tr><td rowspan="2">नविन कुमार सिंह (इन्जिनियर)</td><td>०७८।५।१५ देखि ०७८।५।१८</td><td>६०००</td><td>९३४</td><td rowspan="2">१६३४</td></tr>
<tr><td>०७८।५।२९ देखि ०७८।५।३१</td><td>४३००</td><td>७००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५,८३५</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.२७</td><td></td><td></td><td>विविध खर्चः सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानी गर्दा खर्चका प्रमाण, माइन्युट तथा अन्य कागजात समेत नराखी भुक्तानी दिएको रकम रु. ४,४५,९५५ अनियमित देखिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>८७९।०७९।१।२१</td><td>खाना तथा खाजा खर्च</td><td>९१९५५</td><td>बैठक बसेको वा सभा भएको माइन्युट पेश गरेको पाइएन ।</td></tr>
<tr><td>२</td><td>१०८१।०७९।३।१४</td><td>खाना तथा खाजा खर्च</td><td>२०००००</td><td>बैठक बसेको वा सभा भएको माइन्युट पेश गरेको पाइएन ।</td></tr>
<tr><td>३</td><td>१२५८।०७९।३।२५</td><td>खाना तथा खाजा खर्च</td><td>१५४०००</td><td>बैठक बसेको वा सभा भएको माइन्युट पेश गरेको पाइएन ।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४,४५,९५५</td><td></td></tr>
</table></td><td>४४५,९५५</td></tr>
<tr><td>१६.२८</td><td></td><td></td><td>ग्रेड बढी भुक्तानीः- निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) अनुसार जिल्ला स्थित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गरि सोही अनुसार तलब भत्ता भुक्तानी गर्नु पर्दछ । पालिकाले देहाय बमोजिमका ग्रेड बापतको रकम रु. २९,७६३ बढी भुक्तानी गरेकोले सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>पद</th><th>ग्रेड दर</th><th>जम्मा ग्रेड रु.</th></tr>
</table></td><td>२९,७६३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>जय प्रसाद कोइराला</td><td>भेटेरिनरी अधिकृत</td><td>प्राविधिक ग्रेडमा रु. ६७ को दरले चाडपर्व तथा सञ्चय कोष सहितको १२ महिनाको बढी भुक्तानी</td><td>१९१६</td></tr>
<tr><td>२</td><td>निनु जोशी</td><td>सहायक चौथो</td><td>रु. ९५४ को दरले १ ग्रेड वर्षभरी बढी तथा कर्मचारी सञ्चय कोष समेत भुक्तानी</td><td>१३५४७</td></tr>
<tr><td>३</td><td>शिव कुमार कठरिया</td><td>सहायक पाँचौ</td><td>रु. १००७ को दरले १ ग्रेड वर्षभरी बढी तथा कर्मचारी सञ्चय कोष समेत भुक्तानी</td><td>१४३००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२९,७६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.२९</td><td></td><td></td><td>बहाल करः आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कुनै पनि भाडामा १० प्रतिशतको दरले बहाल कर लाग्ने व्यवस्था छ । कार्यालयले बिभिन्न अतिथि तथा कार्यक्रमका लागि देहायका भुक्तानीमा नियमानुसार लाग्ने बहाल कर कट्टी गरेको नदेखिएकाले सम्बन्धितबाट रु. २,०५० असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम रु.</th></tr>
<tr><td>११८।०७८।७।१४</td><td>कोठाभाडा (वशिष्ट होटल)</td><td>१०,०००</td><td>१०</td><td>१०००</td></tr>
<tr><td>८७८।०७९।१।२१</td><td>कोठाभाडा (प्याराडाइज होटल)</td><td>४५००</td><td>१०</td><td>४५०</td></tr>
</table>
</td><td>२,०५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१२५२।०७९।३।२४</td><td>कोठाभाडा (प्याराडाइज होटल)</td><td>६०००</td><td>१०</td><td>६००</td></tr><tr><td colspan="4">जम्मा</td><td>२,०५०</td></tr></table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>चालु कृषितर्फ</td><td></td></tr>
<tr><td>१७.१</td><td>१०५८</td><td>२०७९-३-१२</td><td>कृषि कार्यक्रम बाख्रा वितरणको लागि कमला बाख्रा पालन फर्मसँग सम्झौता पत्रको आधारमा २९ वटा खरी जातको बाख्रा वितरण गरेको भरपाई पेश भएकोमा पालिकाले रु. ३,२५,६९६ अनुदान दिएको उक्त कार्यक्रमको लागत अनुमानको आधार, लाभग्राहीको परिचयपत्र, बाख्राको गुणस्तर, बाख्राको तौल, वितरण गर्दा लाभग्राही छनौटको आधार, बाख्रा वितरण गर्दा बाख्रामा लागेको ट्याग, वास्तविक लाभग्राही पाए नपाएको सम्बन्धित वडाको सिफारिस समेत नभएको अवस्थामा उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन ।</td><td></td></tr>
<tr><td>१७.२</td><td>१२२</td><td>२०७८-७-१४</td><td>कृषि कार्यक्रम (५०।५० प्रतिशत)को लागि कृषकहरुलाई घाँसको बिउ खरिद गरी वितरण गर्ने प्रयोजनार्थ पालिकाले रु. २,१०,००० अनुदान भुक्तानी दिने सम्झौता अनुसार बरमिस घाँसको बिउ ४०० के.जी. तथा नरसिम घाँसको बिउ ८०० के.जी. गरी जम्मा १२०० के.जी. घाँस ४६२ जना कृषक तथा कृषक समूहलाई न्युनतम १ के.जी. र अधिकतम २० के.जी. वितरण गरेको भरपाई पेश गरेको उक्त कार्यक्रमको लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक छनौटको आधार स्पष्ट नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन।</td><td></td></tr>
<tr><td>१७.३</td><td>११९३</td><td>२०७९-३-२०</td><td>कृषि कार्यक्रम बाख्रा वितरणको लागि साउद बाख्रा फर्मसँग सम्झौता पत्रको आधारमा १५ वटा खरी जातको बाख्रा वितरण गरेको भरपाई पेश भई पालिकाले रु. २,४८,५०५ अनुदान दिएको उक्त कार्यक्रमको बाख्राको गुणस्तर, वितरण गर्दा लाभग्राही छनौटको आधार, बाख्रा वितरण गर्दा बाख्रामा लागेको ट्याग, वास्तविक लाभग्राही पाए नपाएको सम्बन्धित वडाको सिफारिस समेत नभएको अवस्थामा उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन ।</td><td></td></tr>
<tr><td>१७.४</td><td>१२१२</td><td>२०७९-३-२२</td><td>कृषि कार्यक्रमको लागि वडा नं. ६ का कृषकहरुलाई बंगुर वितरण प्रयोजनार्थ बंगुर खरीद गरी पालिकाबाट रु. १,४९,९१५ अनुदान भुक्तानी दिने शर्तमा वडा नं. १ देखि ६ सम्मका ६ जना कृषकहरुलाई वितरण गरेको उक्त कार्यक्रममा कृषक छनौटको आधार, बंगुरको गुणस्तर र बंगुरमा लागेको ट्याग समेत नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>बोलपत्रको माध्यामबाट खरिद</td><td></td></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>म्याद थपः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण ब्यावसायी,आपुर्तिकर्ता,सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागी निबदेन दिनु पर्ने ब्यवस्था छ । यस पालिका कार्यलयमा गत बिगत देखि सम्झौता भई हालसम्म सम्झौता बमोजिमका कार्य सम्पन्न हुन नसकी बाँकी रहेका निर्माणका कार्यहरुको निर्माण ब्यावसायीले अवधि भित्र निबदेन नदिएको अवस्थामा समेत अधिकाशंको पालिकाले एकमुष्ट रुपमा पटक पटक निर्णय गराई म्याद थप गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था प्रकृया पुरा नगरी म्याद थप गर्दा बिगत देखिका योजनाहरु सम्पन्न हुन नसकेको देखिन्छ भने अर्कोतर्फ निमार्ण ब्यावसायीको ढिलाईको कारणले गर्दा सम्पन्न नभएका योजनाहरुबाट पूर्वनिधारीत क्षेतिपुर्ति लगाउनबाट बच्ने अवस्था देखिन्छ । अत कार्यालयले नियमावलीमा भएको ब्यवस्था कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका बिवरण यस प्रकार छन ।ः—
<table>
<tr><th>भौचर न.</th><th>योजनाको नाम</th><th>आर्थिक बर्ष</th><th>पार्टीकोनाम</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१,६५ र १८८</td><td>गाउपालिका प्रशासकिय भवन निर्माण</td><td>२०७६।७७</td><td>श्याम सुन्दर नि.से.</td><td>३३७३७७४</td><td>४८प्रतिशत न्युन प्रगति</td></tr>
<tr><td>२०।२०७८।११।२१</td><td>१५ शैया अस्पताल निर्माण</td><td>२०७७।७८</td><td>लुम्बिनी थोदुङ शिव खिम्ती जें.भि.</td><td>६२४६५४९६७</td><td>४३।७५ प्रतिशत न्युन प्रगति</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>पूर्वनिधारित क्षतिपुर्ति : सार्वजनिक खरिद नियमाली २०६४ को नियम १२१ मा आपुर्तिकर्ता,परामर्शदाता,सेवा प्रदायक वा निर्माण ब्यावसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको सो सम्झौतामा तोकीएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशत नबढने गरी प्रति दिन शुन्य दशमलब शुन्य पाँच प्रतिशत पुर्वनिधारित क्षतिपुति दिनु पर्ने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७६।७७ को २ वटा योजना पालिका कार्यालयले हाल सम्म म्याद थप गर्दै आएको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>देखिन्छ । यसरी पालिकाले सम्झौता गरेका योजनाहरु १०० प्रतिशत सम्म समय म्याद थप गर्दा पनि सम्पन्न भएको नदेखिएकोले कार्यालयले उक्त योजना हरुको कार्य समयमा सम्पन्न गराउन नियमावली बमोजिम क्षतिपुर्ति निर्धारण सहित ब्यवस्थाको पालना गर्नतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>खरिदतर्फ<br><br>सोझै खरीदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर रु. ४३,५२,७०२ को सोझै खरीद गरेको पाइयो । यसरी प्रतिष्पर्धा नगरी सोझै खरिद गरेको कार्य अनियमित देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>खरीद गरेको फर्म</th><th>सामानको विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>११।०७८।६।१०</td><td>सागर गायत्री टुडे एण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>९९४०६</td></tr>
<tr><td>१२।०७८।६।१०</td><td>केदार मल्टि सर्भिसेज</td><td>कार्यालय सामाग्री</td><td>९९८१९</td></tr>
<tr><td>६६९।०७८।१२।९</td><td>आशिष सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>९९८९२</td></tr>
<tr><td>८९३।०७९।२।२</td><td>गायत्री ट्रेड एण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>९९८९२</td></tr>
<tr><td>९०४।०७९।२।५</td><td>ब्राइट ब्रदर्श इन्टरप्राइजेज एण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>९९३९४</td></tr>
<tr><td>११७४।०७९।३।१९</td><td>सागर गायत्री टुडे एण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>२१९८९८</td></tr>
</table></td><td>४,३५२,७०२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ११७५।०७९।३।१९ | पि.एन.सेल्स प्वाइन्ट | कार्यालय सामाग्री | ११६६०५ |
| ११८५।०७९।३।२० | न्यू मोहराइम कम्पयुटर्स | कार्यालय सामाग्री<br>कम्प्युटर सम्बन्धी | ९९९९९ |
| ११९६।०७९।३।२० | टिकापुर गुड्स सप्लायर्स | कार्यालय सामाग्री | ९२६६० |
| १२०१।०७९।३।२० | एल.वि.बिजनेश ग्रुप प्रा.लि. | कार्यालय सामाग्री<br>कम्प्युटर सम्बन्धी | २९४८१७ |
| १२७८।०७९।३।२५ | पि.एन. सेल्स प्वाइन्ट | कार्यालय सामाग्री | ९९००० |
| ९८।०७८।७।१० | ग्लोबल इम्पेक्स | कार्यालय सामाग्री<br>छपाई | ९९१०१ |
| ९९।०७८।७।१० | महामाया स्क्रिन प्रिन्ट | कार्यालय सामाग्री<br>छपाई | ९८८७५ |
| १४८।०७८।७।१६ | महामाया स्क्रिन प्रिन्ट | कार्यालय सामाग्री<br>छपाई | ९८८७५ |
| २८८।०७८।८।२८ | महामाया स्क्रिन प्रिन्ट | कार्यालय सामाग्री<br>छपाई | १७७९७५ |
| ३२४।०७८।९।११ | सागर गायत्री ट्रेडर्स एण्ड सप्लायर्स | कार्यालय सामाग्री<br>छपाई | ९९८९२ |
| ३२५।०७८।९।११ | महामाया स्क्रिन प्रिन्ट | कार्यालय सामाग्री<br>छपाई | ९८८७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६००।०७८।११।११ | महामाया स्क्रिन प्रिन्ट | कार्यालय सामाग्री छपाई | ९९७२३ |
| ६०१।०७८।११।११ | सागर गायत्री ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामाग्री पुस्तक | ९८८७५ |
| ७३३।०७८।१२।१७ | दिपज्योती प्रिन्टर्स | कार्यालय सामाग्री छपाई | ९८८७५ |
| ८४३।०७९।१।९ | महामाया स्क्रिन प्रिन्ट | कार्यालय सामाग्री छपाई | ९६६१५ |
| ९१३।०७९।२।६ | महामाया स्क्रिन प्रिन्ट | कार्यालय सामाग्री छपाई | ९७७४५ |
| १०३२।०७९।३।८ | साइबाबा आर्टस | कार्यालय सामाग्री छपाई | ९८७९९ |
| १११०।०७९।३।१५ | महामाया स्क्रिन प्रिन्ट | कार्यालय सामाग्री छपाई | ९९४४० |
| ११३४।०७९।३।१६ | साइबाबा आर्टस | कार्यालय सामाग्री छपाई | ९९९०० |
| ११८७।०७९।३।२० | घोडाघोडी छापाखाना | कार्यालय सामाग्री छपाई | ९९८३५ |
| १८५।०७८।८।२ | शिवम् अटो ह्विल्स | सवारी मर्मत | ९९२३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| १८६।०७८।८।२ | नेपाल अटो पार्टस | सवारी मर्मत | ६५२९२ |
| १८७।०७८।८।२ | नेपाल अटो पार्टस | सवारी मर्मत | ९९८९२ |
| २५७।०७८।८।१७ | नेपाल अटो ट्रेडर्स | सवारी मर्मत | ७५२०२ |
| ३३४।०७८।९।१३ | जीवन अटो पार्टस | सवारी मर्मत | ५२२४० |
| ३८३।०७८।९।२३ | नेपाल अटो ट्रेडर्स | सवारी मर्मत | ६००६० |
| ३८८।०७८।९।२३ | अनुषा अटो ट्रेडर्स एण्ड सप्लायर्स | सवारी मर्मत | ७३९८६ |
| ७२५।०७८।१२।१६ | नेपाल अटो ट्रेडर्स | सवारी मर्मत | ८६५०१ |
| ७२६।०७८।१२।१६ | अनुषा अटो ट्रेडर्स एण्ड सप्लायर्स | सवारी मर्मत | ९७४६२ |
| ७५८।०७८।१२।२५ | शिवम् अटो | सवारी मर्मत | ९९९९५ |
| ९०६।०७९।२।५ | अनुषा अटो ट्रेडर्स एण्ड सप्लायर्स | सवारी मर्मत | ८४८६३ |
| ९०७।०७९।२।५ | नेपाल अटो ट्रेडर्स | सवारी मर्मत | ९९१०१ |
| ९१४।०७९।२।६ | नेपाल अटो ट्रेडर्स | सवारी मर्मत | ९८३१० |
| ५८४।०७८।११।८ | मालिका माई ट्रेड एण्ड सप्लायर्स | फर्निचर सामाग्री | ८७००० |
| ६७५।०७८।१२।१० | मालिकामाई ट्रेड एण्ड सप्लायर्स | फर्निचर सामाग्री | ९९२८९ |
| ७१५।०७८।१२।१५ | उद्बित स्टील दराज एण्ड बाकस उद्योग | फर्निचर सामाग्री | ८९४९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ४३,५२,७०२ | |
| २० | | | **सोझै खरिद** | |
| २०.१ | | | **कोटेशनको कार्य:** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दील दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्रारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ०.०५ प्रतिशत देखि १.५ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब २० देखि ४० प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन । | |

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| १४।२०७८।९।२१ | ह्युमपाइप खरिद | ५,००,००० | ४,९७,०७८ | ०.५ |
| १५।२०७८।९।२१ | वडा नं. ४ बिभिन्न सडक ग्राबेल | ५,००,००० | ४,९२,०९१ | १.५ |
| १६।२०७८।९।२१ | वडा नं.५ बिभिन्न सडक ग्राबेल | ४,९७,२६८ | ४,९६,७४१ | ०.१ |
| २०।२०७८।९।२३ | वडा नं.२ बिभिन्न सडक ग्राबेल | ४,९८,२८१ | ४,९४,०३८ | ०.८५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२८।२०७८।९।२८</td><td>ह्युमपाइप खरिद</td><td>४,९९,४६६</td><td>४,९९,१९९</td><td>०.०५</td></tr></table></td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>सोझै खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख)मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्क्रा गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेका केही उदाहरण निम्न छन । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान बिभिन्न पार्टीसंग पटक पटक पुजिगत शिर्षकबाट खरिद गरेको रु९६,११,९८०।०० नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन ।
<table>
<tr><th>भौचर नं.</th><th>योजनाको नाम</th><th>पार्टीको नाम</th><th>रकम</th></tr>
<tr><td>२८।२०७८।९।२८</td><td>ह्युमपाइप खरिद</td><td>बर्दगोरिया होमपाईप एण्ड कंक्रिड उधोग</td><td>४,९९,१९९।००</td></tr>
<tr><td>१४।२०७८।९।२१</td><td>ह्युमपाइप खरिद</td><td>प्रतिभा निर्माण सेवा</td><td>४,९७,,०७८।००</td></tr>
<tr><td>३५।२०७८।१०।१८</td><td>फनिचर्स तथा फिक्चर्स</td><td>आयुस कम्पयुटर सप्लार्स</td><td>४,८७,२५६।००</td></tr>
<tr><td>२०७।२०७९।३।२५</td><td>उतरमुढा डाडामा</td><td>नव दुर्गा निर्माण सेवा</td><td>९,९३,८६६।००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td>खानेपानी निर्माण</td><td></td><td></td></tr>
<tr><td>१८९।२०७९।।३।२२</td><td>झगडपुर पिपल चौतारा देखि वडा कार्यालय जाने सडक कालोपत्रे</td><td>जे.एस निर्माण सेवा</td><td>७,९०,३५७।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.३</td><td></td><td></td><td>लागत अनुमान लागत अनुमान तयार गर्दा लिएको नर्म्सलाई आधार मानी कार्यालयले सम्झौता गरी भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयले लागत अनुमानको नर्म्स विपरित विशेषज्ञ वा परामर्शदाता थप गरेको प्रमाण उल्लेख नगरी सोही सम्झौतालाई आधार मानी कार्यालयले प्राप्त सर्भे रिपोर्टका आधारमा भुक्तानी दिएको देखिन्छ । परामर्श सेवाको दररेट पुनरावलोकन समितिले लागत अनुमानमा आवश्यक पर्ने नर्म्स दररेट निर्धारण गरी कार्य गर्ने स्पष्ट रुपमा अवधि समेत उल्लेख गरेकोमा यस कार्यालयले दररेटमा पेश भएको बिवरण अनुसारका बिज्ञ ब्यक्तिको कार्य अवधि तोकिएको भन्दा घटी समय कार्य गरेको अवस्थामा समेत सम्झौता वमोजिम कार्य गरेको भनी भुक्तानी दिएको देखिएकोले सम्झौतामा उल्लेखित भन्दा वढी दरले विशेषज्ञ परामर्शदातालाई उपलव्ध गराएको तपसिलमा उल्लेखित रकम असुल हुनु पर्ने देखिएको रु<br><table>
<tr><td>कार्यक्रमको नाम</td><td>परामर्शदाताको नाम</td><td>बिशेषज्ञ पद</td><td>लागत अनुमान अवधि</td><td>काम गरेको अविध</td><td>फरकबढी दिनको भुक्तानो</td><td>दर</td><td>रकम</td></tr>
<tr><td>जनता आ.बि.डीपीआर</td><td>डिम्प्रलाइन डेभलपर्स प्रा.लि.</td><td>टीम लिडर</td><td>९०</td><td>५३</td><td>३७</td><td>२९६८</td><td>१०९८१६</td></tr>
</table></td><td>१०९,८१६</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>उपभोक्ता वा लाभग्रही समुदायको काम</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>उपभोक्ताको कामः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रू ४,३१,४३,५०१।००मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन<br>
<table>
<tr><th>सि न</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जगदम्बिके मा.बि.को अधुरो भवन निर्माण उ.स</td><td>भवन निर्माण</td><td>५३,४५,७४०</td></tr>
<tr><td>२</td><td>वडा ५ अधुरो कार्यालय भवन निर्माण उ.स</td><td>भवन निर्माण</td><td>१९,७४,९४२</td></tr>
<tr><td>३</td><td>नौनिया बटुकौवा झुलूङ्गे पुल निर्माण उ.स</td><td>पुल निर्माण</td><td>१८,३३,३४५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>सब डिभिजन वन कार्यालय तथा माटो पटानी उ.स</td><td>मोटो पटानी</td><td>४,९६,४०६</td></tr>
<tr><td>५</td><td>माटो पटानी सहित भवन निर्माण बेलुवा सार्वजनिक जग्गाम नि.उ.स</td><td>मोटो पटानी</td><td>९,८५,४५६</td></tr>
<tr><td>६</td><td>वडा न. २ कार्यालय भवन निर्माण उ.स.</td><td>भवन निर्माण</td><td>१३,९३,१६०</td></tr>
<tr><td>७</td><td>जोगीनालामा कल्भर्ट निर्माण उ.स</td><td>कलर्भर्ट निर्माण</td><td>१२,८१,०२५</td></tr>
<tr><td>८</td><td>ताम्राकार टोल भित्रका सडक निर्माण उ.स.</td><td>सडक निर्माण</td><td>९,७२,७२६</td></tr>
<tr><td>९</td><td>सडकपुर बौनिया खानेपानी उपभोक्ता समिति</td><td>खानेपानी निर्माण</td><td>९,८१,२५१</td></tr>
<tr><td>१०</td><td>वडान६कोकार्यालय भवन देखि वास्ताकोटी चोक सम्म ग्राबेल उ.स</td><td>सडक निर्माण</td><td>४,९८,९७८</td></tr>
<tr><td>११</td><td>रुद्र देउवाको घर हुदै हेमा बोहोराको घरदेखि बाटो ग्राबेल</td><td>सडक निर्माण</td><td>५,००,०००</td></tr>
<tr><td>१२</td><td>टीकाराम चौधरीको घरदेखिप्रकास सुनारको घर सम्म बाटो ग्राबेल उ.स</td><td>सडक निर्माण</td><td>४,९६,९७६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>गुणस्तर परीक्षणः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।
<table>
<tr><th>सि.नं</th><th>निर्माण कामको विवरण</th><th>पार्टीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>जग्दम्बिके मा.बि.को अधुरो भवन निर्माण</td><td>भवन निर्माण उपभोक्ता समित</td><td>५३,४५,,७४०</td></tr>
<tr><td>२</td><td>वडा ५ अधुरो कार्यालय भवन निर्माण</td><td>भवन निर्माण उपभोक्ता समिति</td><td>१९,७४,९४२</td></tr>
<tr><td>३</td><td>नौनिया बटुकौवा झुलुङ्गे पुल निर्माण</td><td>पुल निर्माण उपभोक्ता समिति</td><td>१८,३३,३४५</td></tr>
<tr><td>४</td><td>जोगीनालामा कल्भर्ट निर्माण</td><td>कलर्भर्ट निर्माण उपभोक्ता समिति</td><td>१२,८१,०२५</td></tr>
<tr><td>५</td><td>१५ बेड अस्पताल निर्माण</td><td>लुम्बिनी थोदुङ शिव खिम्ती जे.भि</td><td>१,७६,४१,८७०</td></tr>
<tr><td>६</td><td>ताम्राकार टोल भित्रका सडक निर्माण</td><td>सडक निर्माण उपभोक्ता समिति</td><td>९,७२,७२६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१.३</td><td></td><td></td><td>जन सहभागिताको अंशदान :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ (क) मा उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । यस पालिका कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको कति प्रतिशत अंश रहेनेछ भनी सभा वा पालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन । उपभोक्ताद्वारा सचालित कार्य उपभोक्ता समितिसंग १५ प्रतिशत देखि २० प्रतिशतसम्म रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ । यसरी पालिकाको आधिकारी निर्णय बेगर अंशदानको प्रतिशत राख्ने कार्य</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियमसंगत देखिएन । अतः पालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी सभा वा पालिकाबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ । | |
| २१.४ | | | **सार्वजनिक परीक्षणः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| २१.५ | | | **नापी कितावः-** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्ष्णको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ । | |
| २१.६ | | | **अनुगमन नभएको :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने व्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः यसले गर्दा पालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ । | |
| २१.७ | | | **भाडा कर कट्टी नभएको:**आयकर ऐन २०५८ को दफा ८८(१)को (५)मा बासिन्दा ब्यक्तीको नेपालको स्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशत भाडा कर लाग्ने ब्यवस्था छ । यस कार्यालयले निम्न कार्यको लागी भाडा भुक्तानी दिएकोमा भाडा कर कट्टी गरेको देखिएन । अत गाउपालिका कार्यालयले भाडा कर असुल गरी दाखिला गर्नु पर्ने देखिएको रू | ३८,२१५ |

| भौचर न | कामको नाम | भुक्तानी रकम | कट्टी गर्नु पर्ने रकम | कट्टी हुन पर्ने रकम | बाकी रकम |
|---|---|---|---|---|---|
| १०५।२०७९।२।९ | नैना प्रा.बि.पूर्वाधार नि.उ.स. | ९१६५० | ९१६५ | ० | ९१६५ |
| ११।२०७९।३।२ | बिशालनगरदेखि बास्कोटीमा.बि.जाने सडक ग्राबेल उ.स. | २९०५०० | २९०५० | ० | २९०५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.८ | | | **हेभी इक्विपमेण्टको प्रयोग :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th></tr>
<tr><td>११४।२०७९।२।१९</td><td>सव डिभिजन वन कार्यालय तथा माटो पटानी उ.स</td><td>मोटो पटानी</td><td>४,९६,४०६</td><td>रोलर</td></tr>
<tr><td>१२५।२०७९।२।३०</td><td>माटो पटानी सहित भवन निर्माण बेलुवा</td><td>मोटो पटानी</td><td>९,८५,४५६</td><td>रोलर</td></tr>
<tr><td>२।२०७९।१।११</td><td>खुशिराम घरदेखि कालिका मा.बि जाने सडक ग्राबेल उउसस</td><td>ग्राबेल पटानी</td><td>४,९८,३४०</td><td>रोलर</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१.९</td><td></td><td></td><td>जनश्रमदानः –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गराउँदा ढलानको</td><td>२६४,६८६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | काममा १५ प्रतिशत र अन्य काममा उपभोक्ता समितिले २० प्रतिशत जनसहभागीता बेहोर्ने उल्लेख भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको घटी अंशदान भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नु पर्ने देखिएको रू. | |

| गो.भौ.नं. | उपभोक्ता समिति र काम | मुल्याङ्कन रकम | जनसहभागिता बेहोर्ने रकम | जनसहभागिता भएको रकम | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|
| ११४।२०७९ २।१९ | सव डिभिजन वन कार्यालय तथा माटो पटानी उ.स | ५८४००७ | ११६८०४ | ८७६०१ | २९२०० |
| १९३।२०७९। ३।२३ | जग्दम्बे भगवती मा.बि को भवन नि.उ.स. | ६११५००५ | ९१७२५१ | ७६९२६८ | १४७९८३ |
| ४।२०७९। २।३० | वडान६कोकार्यालय भवन देखि वास्ताकोटी चोक सम्म ग्राबेल उ.स | ५८७०३३ | ११७४०६ | ८८०५५ | २९३५१ |
| ७।२०७९। ३।१ | रुद्र देउवाको घर हुदै हेमा बोहोराको घरदेखि बाटो ग्राबेल | ४८८८५१ | ११७७७० | ८८८५१ | २८९१९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९।२०७९।३।१</td><td>टीकाराम चौधरीको घरदेखि प्रकास सुनारको घर सम्म बाटो ग्राबेल उ.स</td><td>५८४६७८</td><td>११६९३५</td><td>८७७०२</td><td>२९२३३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.१०</td><td></td><td></td><td>सिमेन्टमा जिल्ला दरभन्दा बढी भुक्तानी : कैलाली जिल्लाको जिल्ला दर अनुसार सिमेन्टको मुल्य प्रति बोरा रु. ८५० रहेको देखिन्छ। यस पालिकाले निर्माण कार्यमा जिल्लाको दर रेट अनुसार कार्य गरेकोमा भुक्तानी दर भिडान गर्दा निम्न निर्माण कार्यमा सिमेन्टको दर जिल्लाले निधारण गरे भन्दा बढी भुक्तानी गरेको देखिन्छ । यसरी दररेट भन्दा बढी भुक्तानी भएको केही उदाहरण निम्म छन। अतः कार्यालयले बढी भुक्तानी रकम असुल गरी गाउपालिका संचित कोष दाखिला गर्नु पर्ने देखिएको रू
<table>
<tr><th>भौचर न</th><th>उपभोक्ता समिति</th><th>समान परिमाण</th><th>जिल्ला दर</th><th>भुक्तानी दर</th><th>फरक</th><th>जम्मा</th></tr>
<tr><td>१६५।२०७९।३।१३</td><td>फुलबारी वालबिकास घेरावार तथा बिधुत जडान</td><td>३३६</td><td>८५०</td><td>८६८</td><td>१८</td><td>६०५७</td></tr>
<tr><td>१६९।२०७९।३।१६</td><td>जोगीनालामा कल्भर्ट निर्माण</td><td>५०१</td><td>८५०</td><td>८६८</td><td>१८</td><td>९०१८</td></tr>
<tr><td>१९३।२०७९।३।२३</td><td>जग्दम्बे भगवती मा.बि को भवन नि.उ.स.</td><td>१३३२</td><td>८५०</td><td>८६८</td><td>१८</td><td>२३९७६</td></tr>
</table>
</td><td>३९,०५१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.११</td><td></td><td></td><td>रोयल्टी रसिद पेश नभएको: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा कामको प्राबिधिक मुल्याङकन बिल भरपाई खर्च प्रमाणीत गर्ने अन्य बिल भरपाई समितिबाट प्रमाणित गरी सार्वजनिक निकायमा पेश गर्नु पर्ने ब्यवस्था छ । यस गाउपालिकाले उपभोक्ता समितबाट गराईएका निम्न कार्यमा देखिएको ब्यहोरा तल उल्लेख गरिएको छ । अत गाउपालिका कार्यालयले सम्बन्धित उपभोक्ता समितिले पेश गरे बमोजिमको रोयल्टी रकम सम्बन्धित स्थानिय तहलाई के एस के एल निर्माण सेवाले बुझाएको नगदी रसिद भए प्रमाण पेश गर्ने अन्यथा उक्त रोयल्टी रकम असुल गरी गाउपालिका कोषमा दाखिला गर्नु पर्ने देखिएको रु.<br>
<table>
<tr><th>भौचर न</th><th>उपभोक्ता समिति</th><th>स्थानिय तह</th><th>रसिद न र ब्यहोरा</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>७७।२०७८।१२।१७</td><td>अबिराम भण्डारिको घरदेखि दक्षिण उर्जासम्म जानेबाटो ग्राबेल उ.स</td><td>बर्दगोरिया गा.पा</td><td>रसिद न.३०९१ र ३२९० बाट २८८ घ.मी</td><td>१००</td><td>२८८००</td></tr>
<tr><td>८३।२०७८९ १।४</td><td>छतिवन नफरेको घरदेखि चौरसिया वलिरामको घर सम्म बाटो ग्राबेल उ.स</td><td>बर्दगोरिया गा.पा</td><td>रसिद न. १२६९८ र१२६९९बाट ३८७घ.मी</td><td>१००</td><td>३८,७००</td></tr>
<tr><td>८६।२०७९।१।७</td><td>बर्दगोरीया अस्पताल पछाडी सडक ग्राबेल उ.स</td><td>बर्दगोरिया गा.पा</td><td>रसिद न.५८९८ र ५३९७ बाट ३८४ घ.मी</td><td>१००</td><td>३८,४००</td></tr>
<tr><td>८८।२०७९।१।७</td><td>दिल ब.साउदको घर कल्भर्टदेखिउत्तर</td><td>बर्दगोरिया गा.पा</td><td>रसिद न.५८९५ र ५८९६बाट ६७२घ.मी</td><td>१००</td><td>६७.२००</td></tr>
</table></td><td>९५७,७००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नदीको ढीक हुदै बाटो ग्राबेल उ.स. | | | | | |
| | | | ९९।२०७९।१।७ | वडा न. १देखि ६सम्म बिभिन्न निर्माणकार्य उ.स | बर्दगोरिया गा.पा | रसिद न५७०० बाट९९ घ.मी. | १०० | ९,९०० | |
| | | | ९४।२०७९।१।१३ | नवराव कुवरको घर देखि चतैयासम्म सडक ग्राबेल उ.स | बर्दगोरिया गा.पा | रसिद न ५६९५ बाट १४४ घ.मी | १०० | १४,४०० | |
| | | | ९३।२०७९।१।१३ | वसतरामको घरदेखि ऐन बहादुरको खेतसम्म बाटो ग्राबेल उ.स | बर्दगोरिया गा.पा | रसिद न.५३९३ र ५३९४ बाट ५५०घ.मी | १०० | ५५,००० | |
| | | | १०२।२०७९।२।६ | बौनिया सरस्वती को घरदेखिनर चौधरीको घर हुदै ग्राबेल उ.स | बर्दगोरिया गा.पा | रसिद न.१४२८६ बाट १२१ घ.मी | १०० | १२,१०० | |
| | | | ११६।२०७९।२।२३ | छतिउन बिबहादुर बिक को टोलदेखि चौरसिया चर्चसम्म बाटो मर्मत | बर्दगोरिया गा.पा | रसिद न.७७२१र ७७२०बाट ६५७ घ.मी | १०० | ६५,७०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२२।२०७९।२।२३ | गोपी बि.क.को घरहुदै ताराभुलको घरहुदै बाटो ग्राबेल | बर्दगोरिया गा.पा | रसिद न.८७९९ र ८८००बाट २१७घ.मी | १०० | २१,७०० |
| १२५।२०७९।२।३० | माटो पटानी सहित भवन निर्माण बेलुवा सार्वजनिक जग्गाम नि.उ.स | बर्दगोरिया गा.पा | रसिदन ११६२३, ११६२५र११६२६बाट २६६९घ.मी | १०० | २६,६००० |
| १३६।२०७९।३।५ | सरोज बिठारीको घरदेखि बाटो ग्राबेल उ.स | बर्दगोरिया गा.पा | रसिद न.१२३९५बाट १८० घ.मी | १०० | १८,००० |
| १३६।२०७९।३।८ | फोहोर संकलन तथा मर्मत उ.स | बर्दगोरिया गा.पा | रसिद न.१२३९७बाट १८० घ.मी | १०० | १८,००० |
| १६५।२०७९।३।१४ | वडा २ कार्यालय भवन निर्माण उ.स | बर्दगोरिया गा.पा | रसिद न.१४२९५बाट १९२ घ.मी | १०० | १९,२०० |
| ४।२०७९।२।३० | वडान६कोकार्यालय भवन देखि वास्ताकोटी चोक सम्म ग्राबेल उ.स | बर्दगोरिया गा.पा | रसिद न.११६६२ र ११६२१बाट ३६० घ.मी | १०० | ३६,००० |
| ९।२०७९।३।१ | टीकारामचौधरीको घरदेखिप्रकाश | बर्दगोरिया गा.पा | रसिद न.७८९९र ७८०६लबाट २४० घ.मी | १०० | २४,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सुनारको घरसम्म ग्राबेल उ.स.</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११।२०७९।३।२</td><td>बिशालनगरदेखि बास्कोटीमा.बि.जाने सडक ग्राबेल उ.स.</td><td>बर्दगोरिया गा.पा</td><td>रसिद न.७७८४र ७७८५बाट ३३६ घ.मी</td><td>१००</td><td>३३,६००</td></tr>
<tr><td>१८।२०७९।३।२२</td><td>पूर्वमुक्तीटोल धारादेखि मसान घाट जाने सडक ग्राबेल उ.स.</td><td>बर्दगोरिया गा.पा</td><td>रसिद न.१४८७४,१४३७१, १४३१९र १४३६८ बाट ५०० घ.मी</td><td>१००</td><td>५०,०००</td></tr>
<tr><td>१९।२०७९।३।२२</td><td>ताम्राकार टोलभित्र स सानासडक ग्राबेल उ.स</td><td>बर्दगोरिया गा.पा</td><td>रसिद न.९९८,९९९, १४३७०,१४३६७लगाएत ८ वटाबाट १२१० घ.मी</td><td>१००</td><td>१,२१,०००</td></tr>
<tr><td>२०।२०७९।३।२४</td><td>इन्देरणी युवा क्लबको घेरावार जाली नि.उ.स</td><td>बर्दगोरिया गा.पा</td><td>रसिद न.१४३६८र १४३६९बाट २०० घ.मी</td><td>१००</td><td>२०,०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>९,५७,७००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.१२ | | | **ईटामा मु.अ.कर ईटामा मु. अ. कर बिजक बेगर भुक्तानीः:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू. ७६,३५४।००. नियमसंगत देखिएन । अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू. | ७६,३५४ |

| भौचर नं. | उपभोक्ता समितीको नाम | कामको बिवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १४४।२०७९।३।७ | श्री न्यू ज्योती प्रा.बि. | १७००१ | २९१७४ | १७६८१ | ११,४९१ | न.प.पुजिगत |
| १४२।२०७९।३।७ | ज. म. मा. बी. को अधुरो भवन निर्माण उ.स. | २५९२२ | ५३२०० | २६९५८ | २६,४१ | |
| १३८।२०७९।३।६ | रानिजरूवा वनक्षेत्र | ४०७ | ६५६० | ० | ६,५६० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |

| | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | काडेतार घेरावार उ.स | | | | | |
| १६५।२०७९। ३।१४ | वडा नर कार्यालय भवन नि.उ.स | १३८६० | २७५६० | १४४१४ | १३,१४५ | |
| १६६।२०७९ ३।१४ | न्यु ज्योती प्रा.बि.को गेटसहित पर्खाल नि.उ.स. | १०२४२ | १७५७५ | १०६५२ | ६,९२४ | |
| १९३।२०७९। ३।२३ | जग्दम्बे भगवती मा.बि को भवन नि.उ.स. | ६९४९ | ११९२४ | ८१३० | ३,७९३ | |
| २०६।२०७९ ३।२४ | बर्दगोरिया धाम भित्र अनाथालय आश्रम नि.उ.स | | ४२५८९ | ३४४८९ | ८,१०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>७६,३५४</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>२१.१३</td><td></td><td></td><td>डण्डीमा मु.अ.कर भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू.४१,६४७।०० नियमसंगत देखिएन । अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.
<table>
<tr><th>भौचर नं.</th><th>उपभोक्ता समितीको नाम</th><th>कामको बिवरण</th><th>मु.अ. कर भुक्तानी रकम</th><th>बिजक पेश भएको रकम</th><th>बिजक पेश नभएको रकम</th><th>शिर्षक</th></tr>
<tr><td>१९३।२०७९।३।२३</td><td>जग्दम्बे भगवती मा.बि को भवन नि.उ.स.</td><td>२२१८६</td><td>२२८३७१</td><td>२४०७२४</td><td>४१,६४७</td><td>न.पा.र जि.स.स</td></tr>
</table></td><td>४१,६४७</td></tr>
<tr><td>२१.१४</td><td></td><td></td><td>सिमेन्टमा मु. अ. कर बिजक बेगर भुक्तानीः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा</td><td>६७,९२२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू. ६७,९२२।००नियमसंगत देखिएन । अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू. | |

| भौचर नं. | उपभोक्ता समितीको नाम | कामको बिवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १६९।२०७९।३।१६ | ज्योति नालामा कर्भर्ट निर्माण | ८५० बोरा | ५५३६० | ३९२६० | १६,१०० | न.पा. पुजिगत |
| १९३।२०७९।३।२३ | जग्दम्बे भगवती मा.बि को भवन नि.उ.स. | १३३२ | १४७१८७ | ९९४५० | ४७,७३७ | |
| १८७।२०७९।३।२२ | बर्दगोरिया धामको मेला मैदानमा | १०८बोरा | ११९३४ | ७८४९ | ४,०८५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td>नाला<br>नि.उ.स</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>६७,९२२</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रमःस्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र प्रतिवेदन गर्ने भूमिका रहेको छ। कार्यालयले धेरै संख्यामा योजना छनौट गरेको र त्यस्ता योजनाहरु पूर्वाधार एवम् अन्य विकास निर्माण प्रकृतिका नभई अनुत्पादनमुलक कार्य गराउने गरी छनौट गरेको देखिन्छ। योजनाहरुको अनुगमन तथा मुल्यांकन प्रणाली, प्रतिवेदन गर्ने कार्यपनि प्रभावकारी रुपमा सम्पन्न गरिएको देखिएन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, सरसफाई, बाटोमा माटो पटानी कार्य लगायतका ३७ वटा कार्यक्रमहरु सञ्चालन गरी ७३८ जनालाई रोजगारी उपलव्ध गराई १२ दिन देखि ८१ दिन सम्म कार्य गराई रु. २,४८,६०,०६१ खर्च गरेको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>पालिका कृषि कार्यक्रमः</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>पावर टिलर खरिद तथा वितरणः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ। पालिकाको ५०% अनुदानमा कृषि औजार पावर टिलर र अन्य उपकरण वितरण कार्यक्रम अन्तर्गत पावर टिलर खरिद गर्दा टुक्रा पारि खरिद गरिएको देखियो।केहि उदाहरणहरुः</td><td>१,७९६,४००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्रम</th><th>खरिद मिति</th><th>पसलको नाम</th><th>पावर टिलर संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२०७९।३।६</td><td>डि. आर. बैज्ञानिक कृषि सामाग्री केन्द्र</td><td>४</td><td>७,९९,६००</td></tr>
<tr><td>२</td><td>२०७९।३।७</td><td>डि कम एग्रो ट्रेड लिंक</td><td>२</td><td>३,९८,०००</td></tr>
<tr><td>३</td><td>२०७९।३।१४</td><td>सिगास एग्रो एण्ड ट्रेडर्स</td><td>३</td><td>५,९८,८००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१७,९६,४००</td></tr>
</table>
यसरि टुक्राई खरिद गर्दा प्रतिस्पर्धा सीमित हुन गई बस्तुको लागत बढ्ने, गुणस्तरमा असर पर्ने लगायतका जोखिम रहन सक्छन्। पालिकाले खरिद ऐन पालना गर्दै टुक्राई खरिद गरिने प्रवृत्तको अन्त्य गर्नु पर्दछ। साथै खरिद भएका पावर टिलरहरु वितरण भए नभएको यकिन हुन सकेन। अतः वितरण भरपाई पेश गर्नु पर्ने रकम</td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>बढी भुक्तानीः पालिकाको ५०% प्रतिशत मुल्य अनुदानमा च्याउ वितरण कार्यक्रम अन्तर्गत पालिकाले मिराज च्याउ एण्ड बिउ उत्पादन केन्द्रबाट कुल रु. ४,१२,००० रकम बराबरको कन्ने च्याउको बिउ खरिद गरेको देखिन्छ। ५०% अनुदान कार्यक्रम भएकाले पालिकाबाट रु. २,०६,००० मात्र भुक्तानी गर्नु पर्नेमा रु. २,४१,००० भुक्तानी गरेको छ। पालिका वितरण भरपाईका आधारमा भुक्तानी रकम यकिन गर्दै असुलउपर गरी पालिकाको कोषमा दाखिला गर्नु पर्ने रकम रु.</td><td>३५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.३ | ३२ | २०७८-११-१ | **अनुगमन तथा खाजा नास्ताको रकम भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। कृषि तथा पशुपन्छी फर्म प्रर्वद्धन स्थलगत अनुगमन कार्यक्रम अन्तर्गत पालिकाका वडा नं १ देखि ६ मा रहेका तरकारी , च्याउ, महुरी पालन लगायतका कृषि कार्यक्रमको अनुगमन गरेवापत अनुगमन भत्ता सहित रु. २७,५४५ खर्च लेखिएपनि खर्च पुष्टि गर्ने विल, भत्ता वितरण भरपाई लगायतका कागजात पेश हुन सकेन। अतः राम प्रसाद देवकोटा नाममा भुक्तानी भएको प्रमाण पेश गर्नु पर्ने रकम रु. | २७,५४५ |
| २३.४ | १० | २०७८-७-१७ | **वितरण भरपाई नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। पालिकाले सरस्वती एग्रो सेन्टरबाट कृषि जिंक, कृषि पोषण, मुलाको बिउ लगायतका कृषि सामाग्री खरिद गरेको भएपनि वितरण गरेको भरपाई नभएकाले प्रमाण पेश गर्नु पर्ने रकम रु. | ३९,४६० |
| २४ | | | **सशर्त अनुदान (स्वास्थ चालु)**<br><br>आधारभुत स्वास्थ सेवा निशुल्क तथा स्वास्थ्य सेवामा समान पहुँच पाउनु प्रत्येक नेपाली नागरिकको मौलिक हक हो। जनताको सबैभन्दा नजिक रहेको स्थानीय तहलाई संविधानले आधारभुत स्वास्थ र सरसफाई, विपद व्यवस्थापन लगायतका स्वास्थ्य सम्बन्धी महत्वपूर्ण जिम्मेवारी दिएको छ। स्थानीय तहहरुको स्वस्थ्य सेवाको जिम्मेवारी पुरा गर्न उनिहरुको क्षमतामा अभिवृद्धी गरी नागरिकले सहज रुपमा स्वास्थ्य सेवा प्राप्त होस् भन्ने उद्देश्यले नेपाल सरकारले सशर्त अनुदान दिँदै आएको छ। यस आर्थिक वर्षमा बर्दगोरिया गाउँपालिकाले सशर्त अनुदानमा स्वास्थ्य तर्फ गरेका खर्चहरुका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधार लिई महालेखापरीक्षकको कार्यालयको बार्षिक लेखापरीक्षण योजना मुताविक खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |
| २४.१ | | | **कोभिड-१९ बाट प्रभावित परिवारलाई नगद हस्तान्तरणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कोभिड-१९ को प्रभावबाट रोजगार र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अनिविपन्न परिवारको तत्कालको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न नगद राहात उपलब्ध गराउने उद्देश्यले कार्यक्रम कार्यान्वयन ल्याईएको हो। कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तण कार्यविधि, २०७८ ले मन्त्रालय तथा स्थानीय तहले यसरी नगद हस्तान्तरण गर्दा पूरा गर्नु पर्ने कार्यविधिहरु तय गरेको छ।<br><br>• कार्यविधिले नगद हस्तान्तरणका लागि वडा कार्यालयमा निवेदन पेश गर्न १५ दिनको समय दिई मन्त्रालयले राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्ने, पेश भएका निवेदन उपर ७ दिन भित्र परीक्षण गरी वडा अध्यक्षले योग्य लाभग्राहीलाई नगद हस्तान्तरणको लागि सम्बन्धित स्थानीय तहलाई सिफारिस गर्ने, स्थानीय तहले सिफारिस भई आएको सूचीमा दावि विरोधका लागि ३ दिनको अवधी दिएर सार्वजिन गर्नु पर्ने हुन्छ। दावि विरोधको अवधि समाप्त भएपछी योग्य लाभग्राही परिवारको सूची स्वीकृत गरी ३ दिन भित्र नगद हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको छ।<br><br>• मन्त्रालयले लाभग्राहिका लागि योग्य र अयोग्य परिवारको प्रावधान राखि मिति २०७८/७/२५ मा १५ दिनको समयवाधि दिएर कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी सूचना प्रकाशन गरेको देखिन्छ। पालिकाले कार्यविधिले गरेको व्यवस्था बमोजिम १५ दिन भित्र निवेदन दिने, दावि विरोधका लागि सूचना प्रकाशन गर्ने, योग्य लाभग्राहीलाई ३ दिन भित्र नगद हस्तान्तरण गर्ने लगायतका माथि उल्लेखित कुनै प्रकृया पुरा नगरि वडा अध्यक्षको सिफारीसमा आर्थिक वर्षको अन्त्यतिर मिति २०७९/३/२५ मा २१५ जना लाभग्राहिलाई प्रति लाभग्राही १० हजारको दरले जम्मा रु. २१,५०,००० भुक्तानी गरेको देखिन्छ।<br><br>• कोभिड-१९ बाट प्रभावित वास्तविक पिडितहरुलाई यथास्भव शिघ्र राहात वितरण गर्ने उद्देश्य यस कार्यविधिले राखेको भएपनि सो अनुरुप तय गरेको समयभित्र कार्यसम्पन्न भएको देखिन्दैन्। दावि विरोध लगायतका कार्य सम्पन्न नभई वडाको सिफारिसमा मात्र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी भएकाले वास्तविक र योग्य परिवार मात्र लाभान्वित भए भनेर यनिक गर्न सकिएन। अतः यस कार्यक्रम अन्तर्गत खर्च भएको रु. २१,५०,००० योग्य लाभग्राहिले पाए नपाएको पालिकाले यकिन गर्नु पर्दछ। | |
| २४.२ | | २०७९-३-२१ | **न्यानो झोलाः** संस्थागत सुत्केरी संख्या वृद्धि गरी आमा तथा नवजात शिशु मृत्युलाई कम गर्न नेपाल सरकारले न्यानो झोला कार्यक्रमलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सञ्चालन गर्दै आएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार यस शिर्षकमा व्यवस्था भएको बजेटबाट प्रसूतिका आधारमा अनुमान गरी समयमै खरीद गरी सुत्केरीलाई स्वास्थ्य संस्थामै उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाले मिति २०७९।१।११ मा ५५५ थान न्यानो झोला प्रति झोला रु. ७९५ का दरले भ्याट रकम सहित रु. ४,९८,८९७ मा खरिद गरेको छ। पालिकाले मौज्दात यकिन नगरि, गुणस्तर परीक्षण नगरी आर्थिक वर्षको अन्त्यमा झोलाहरु खरिद गरेको देखिन्छ। यसरी खरिद गरेका झोलाहरु लेखापरीक्षण गरेको समयसम्म पनि मौज्दात रहेको छ। आवश्यकता नपरी खरिद गर्दा धेरै समयसम्म भण्डार गर्नु पर्ने भएकाले यसको गुणस्तरमा कमी आउने, विभिन्न कारणले विग्रिने, नष्ट हुने लगायतका जोखिम रहन्छ। अतः पालिकाले खरिद गरेका झोलाहरुलाई स्वास्थ्य संस्थाहरुको आवश्यकता अनुसार वितरण गरी आगामी वर्ष खरिद गर्दा मौज्दात यकिन गरेर पालिकालाई आवश्यक भएमा वा आवश्यक संख्या मात्र खरिद गर्नु पर्दछ। | |
| २४.३ | | | **अ.न.मी. को पारिश्रमिकः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले अस्पताल तथा Birthing Center मा रहेका स्वास्थ्य संस्थाहरुमा २४ सै घण्टा प्रसुती सेवा सञ्चालन गर्न स्थायी जनशक्तिको कमि भएको स्वास्थ्य संस्थामा जनशक्ति व्यवस्थापन गर्न करार का अ.न.मी. नियुक्त गरी प्रति अनमी प्रति महिना रु. २६६१० का दरले पारिश्रमिक दिन सक्ने व्यवस्था गरेको छ। पालिकाले सुमित्रा कुमारी रावत र निर्मला कुमारी ढकाललाई अनमी नियुक्ती गरी प्रति अनमी रु. २८६१० का दरले १३ महिनाको पारिश्रमिक भुक्तानी गरेको देखिन्छ। यसरी मार्गदर्शनले तोकेको दरभन्दा बढी भुक्तानी हुन गएको रकम उसुलउपर गरी संघीय सञ्चित कोषमा दाखिला गर्ने रकम रु. | ५२,००० |
| २४.४ | ६९ | २०७९-३-९ | **खाना र खाजाको सामाग्री खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। पालिकाले आइसोलेसन सेन्टरको खाना र खाजाको सामाग्री खरिद गर्न भनि मिति २०७९।०३।०६ मा खरिद गरिने सरसामान तथा उपकरणहरुको लागत अनुमान तयार गरि खरिद गरेको देखिन्छ। कोभिड-१९ प्रकोप नहरको समयमा तथा कुनै पनि आईसोलेसन सेन्टरहरु अस्तित्वमा | १८,७७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नरहेको अवस्थामा पनि सो प्रयोजनका लागि सामाग्री खरिद गरि भुक्तानी भएको रकम नियमसम्मत देखिदैन्। यसरी नियमसम्मत नभएको रकम रु. | |
| २४.५ | | | **पालिकास्तरीय स्वास्थ्य कार्यक्रम सञ्चालनः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक बर्ष २०७८/७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपिडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्बन्धि विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। यस्ता कार्यक्रमहरु यस कार्यविधिले तोकेका शर्तहरुमा रही कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पनि अनिवार्य रहन्छ। एक कार्यक्रम भित्र बिभिन्न कृयाकलापहरु रहन्छन्। ती अन्तरसम्बन्धित रहन्छन् र सबै क्रियाकलापहरु सम्पन्न भएपछिमात्र उक्त कार्यक्रमले सार्थकता पाउछ। पालिकाले एक क्रियाकलाप गरी अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिई बीचैमा छोड्ने, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राख्ने, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा खर्च गर्ने, क्रियाकलापहरुको महत्वको आधारमा कार्यक्रम सम्पन्न नगर्ने अभ्यास देखिन्छ । त्यस्तै, मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्यांकन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैन। यस्ता प्रवृत्तीले समग्र स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुनै कमजोर हुने र अपेक्षित लाभ प्राप्त हुन नसक्ने जोखिम रहन्छ। अतः पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको ब्रेकेडाउन गरी सोहि अनुरुप कार्यक्रम कार्यन्वयनलाई अनिवार्यता गर्ने, कार्यक्रमका सवै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्यविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ। | |
| २५ | | | **सशर्त अनुदान (शिक्षा चालु)**<br><br>नेपालको संविधान, शिक्षा ऐन लगायत शिक्षासँग सम्वन्धित कानून, निर्देशिका, कार्यक्रहरुले शिक्षामा नागरिकको समान पहुँचको सुनिश्चितता, शिक्षालाई बैज्ञानिक, व्यवहारिक, रोजगारमूलक तथा सीपमूलक बनाउदै सक्षम जनशक्ति तयार, शिक्षाको गुणस्तरीयतामा अभिवृद्धी लगायतका उद्देश्यहरु राखेका छन्। संविधानले माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई सुम्पिएको छ। तसर्थ शिक्षा क्षेत्रको विकास विस्तारमा पालिकाहरुको अहम् जिम्मेवारी रहेको हुँदा उनिहरुको क्षमता विकासका लागि नेपाल सरकारले सशर्त अनुदान मार्फत शिक्षा तर्फ वित्तीय हस्तान्तरण गर्दै आएको छ। यस्तो हस्तान्तरीत रकम सम्बन्धित स्थानीय तहले शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामाग्री, छात्रवृत्ति, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिवा खाजा, परीक्षा सञ्चालन लगाएतका तोकिएका क्षेत्रमा तोकिएको शर्तमा रहि खर्च गर्नु पर्ने हुन्छ। यस पालिकाले आर्थिक बर्ष २०७८/०८९ मा सशर्त अनुदानमा शिक्षा तर्फ गरेको खर्चका सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधार लिई महालेखापरीक्षकको कार्यालयको बार्षिक लेखापरीक्षण योजना मुताविक खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |
| २५.१ | | | **एकमुष्ठ अनुदान:** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई बार्षिक रुपमा एकमुष्ठ रु. १० लाख दिने व्यवस्था छ। साथै, बार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६ बमोजिम त्यस्तो अनुदान सम्बन्धित विद्यालयले शिक्षक, बालविकास सहजकर्ता र कार्यालय सहयोगीको पारिश्रमिक, विद्यालय व्यवस्थापन, शैक्षिक सामाग्रि लगायतका विषयमा खर्च गर्नु पर्ने हुन्छ र विद्यालयले पालिकाबाट यस शिर्षकमा थप अन्य कुनै अनुदानहरु प्राप्त गर्न सक्दैन्। पालिकाले श्री न्यू ज्योती आ.वि रानीकुण्डा र श्री नैन आ.वि झगडपुर गरि २ विद्यालयहरुलाई प्रति विद्यालय १० लाखका दरले अनुदान दिएको छ। तर पालिकाले सशर्त अनुदान तथा पालिकाको बजेटबाट माथि उल्लेखित विद्यालयहरुलाई शिक्षक, प्रारम्भिक बालविकास केन्द्र सहजकर्ता र विद्यालय सहयोगीका लागि दिईने पारिश्रमिक र सुविधा पनि निरन्तर भुक्तानी गरेको पाईयो। | १,०६६,००० |

| क्रम | विद्यालयको नाम | शिक्षकको तलव | बालविकास सहजकर्ताको तलब | कार्यालय सहयोगीको तलब | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | श्री न्यू ज्योती आ.वि रानीकुण्डा | ५,४६,००० | १०४,००० | १,०४,००० | ७,५४,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>श्री नैन आ.वि झगडपुर</td><td>-</td><td>२,०८,०००</td><td>१,०४,०००</td><td>३,१२,०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१०,६६,०००</td></tr>
</table>
पालिकाले यसरी कार्यविधि विपरित भुक्तानी गर्दा सम्बन्धित शिर्षकमा खर्च गर्ने रकम अपुग भई अन्य कृयाकलापहरुको प्रभावकारीतामा समेत असर पुग्न सक्ने भएकाले शिक्षक, वालविकास सहजकर्ता तथा कार्यालय सहयोगीको लागि भुक्तानी भएको रकम असुलउपर गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रकम रु.
</td><td></td></tr>
<tr><td>२५.२</td><td>८९</td><td>२०७८-१०-२७</td><td>
दिवा खाजाः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान उपलब्ध गराउँदा स्थानीय तहले विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि सहित संख्या यकिन भए पश्चात अनुदान दिने व्यवस्था गरिएको छ। लेखापरीक्षण योजना अनुसार विद्यालय छनौट गरि परीक्षण गर्दा महुन्याल माध्यमिक विद्यालय, बासकोटीले मिति २०७८।०५।२० देखि मंसिर मसान्तसम्मको दिवा खाजाको माग गर्दा देहायका विद्यार्थी संख्या उल्लेख गरेको छः
<table>
<tr><td>कक्षा</td><td>बालविकास</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>जम्मा</td></tr>
<tr><td>विद्यार्थी संख्या</td><td>३५</td><td>२५</td><td>३१</td><td>५८</td><td>४३</td><td>६६</td><td>२५८</td></tr>
</table>
पालिकाले सम्बन्धित विद्यालयलाई उक्त समयको दिवा खाजा बापतको अनुदान उपलब्ध गराउँदा विद्यालयबाट भरिने शैक्षिक तथ्याङ्क (EMIS) बमोजिम देहायका विद्यार्थी संख्याका आधारमा भुक्तानी गरेको छः
<table>
<tr><td>कक्षा</td><td>बालविकास</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>जम्मा</td></tr>
<tr><td>विद्यार्थी संख्या</td><td>६३</td><td>२५</td><td>४२</td><td>५७</td><td>५२</td><td>६५</td><td>२९४</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | यसरी विद्यालयले माग गरेको संख्या भन्दा ३६ बढी विद्यार्थीहरुको लागि विद्यालयलाई दिवा खाजा वापत भुक्तानी गरेको देखिन्छ। पालिकाले विद्यार्थी संख्याको सत्यापन नगारी भुक्तानी गर्दा अवास्तविक संख्याको लागि पनि भुक्तानी हुन सक्ने भएकाले पालिकाले सम्पुर्ण विद्यालयहरुलाई भुक्तानी भएको दिवा खाजाको रकमका सम्बन्धमा छानविन गरि सत्यतथ्य यकिन गर्नु पर्ने हुन्छ। | |
| २५.३ | | | **विद्यार्थी संख्याको सत्यापनः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले धेरै अनुदानहरुमा सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ। | |
| २५.४ | | | **शिक्षक दरबन्दी र पदपुर्तिः** शिक्षा नियमावली, २०५९ अनुसूची १२ मा विद्यालयमा रहनु पर्ने शिक्षक संख्या सम्बन्धी व्यवस्था गरेको छ। शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले स्थानीय तहहरुले दरवन्दी मिलान गर्दा पुरा गर्नुपर्ने कार्यविधिका विषयहरु समेटेको छ। पालिकाले दिएको सामुदायिक विद्यालय शिक्षक विवरण अनुसार स्थायी ३१, राहात ४२ शिक्षक दरबन्दीहरु रहेकोमा स्थायीमा ३० र राहातमा ४२ शिक्षकहरुको पदपुर्ति भएको छ। त्यस्तै पालिकाले ४३ शिक्षक करार १४५ शिक्षकहरु अन्य विभिन्न स्रोतबाट नियुक्ती गरेको देखिन्छ। पालिकाले हालसम्म दरबन्दी मिलान गरेको देखिँदैन। दरबन्दि भन्दा बढि शिक्षक, विद्यार्थि संख्या धेरै भएका केहि विद्यालयहरु दरबन्दी नै नरहने, विद्यार्थी संख्याको दरमा शिक्षकहरु सन्तुलन नमिलेको देखिन्छ। यसरी शिक्षक विद्यार्थीको अनुपात नमिल्दा शिक्षण सिकाईमा प्रभावकारीता नदेखिने, विद्यार्थीले विद्यालय छोड्ने दर बढ्ने, करार तथा अनुदानका शिक्षकको संख्या बढ्न गई पालिकालाई थप वित्तीय भार पर्ने जोखिम रहन सक्छ। अतः पालिकाले नियमावली | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा तथा कार्यविधि बमोजिम समयमै दरबन्दी मिलान गरी शिक्षकहरुको सन्तुलित व्यस्थापनद्धारा अध्ययन अध्यापनलाई नियमित गरिनु पर्दछ। | |
| २५.५ | | | **विज्ञान प्रयोगशाला व्यवस्थापनः** सार्वजनिक खरिद ऐन तथा नियमावलीले खरिद गर्दा दरभाउपत्रमा न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राहि हुनुपर्ने व्यवस्था गरेको छ। महुन्याल माध्यामिक विद्यालय, बास्कोटीले विज्ञान प्रयोगशाला व्यवस्थापनका लागि पालिकाबाट रु. ६५०,००० प्राप्त अनुदानबाट विज्ञान सामाग्री खरिद गर्न मिति २०७८/११/१५ मा दरभाउ पत्र माग गरेको देखिन्छ। यसरि आह्वान गरिएको दरभाउपत्रमा तीन आपुर्तिकर्ताबाट दरभाउपत्र पेश भएको छ। विद्यालयले कुनै निर्णय तथा मुल्यांकन नगरि रु. १,७२,७४३ को सबै भन्दा कम दरभाउपत्र पेश गर्ने ग्लोवल साइन्स एण्ड सर्जिकल सेन्टर धनगढी लाई छनौट नगरि रु. २,३६,८६० को दोस्रो न्युन दरभाउपत्र पेश गर्ने न्युटन साइन्टिफिक ट्रेड कन्सर्न प्रा.लि त्रिपुरेश्वर काठमाण्डैलाई छनौट गरेको देखिन्छ। विद्यालयले बढीदरको दरभाउपत्र छनौट गर्दा न्युन मुल्यांकित रकम भन्दा रु. ६४,११७ थप भुक्तानी गरेको छ। यसरी थप भुक्तानी भएको रकम सम्बन्धितबाट असुल उपर गर्नु पर्ने रकम रु. | ६४,११७ |
| २५.६ | | | **शिक्षा कार्यक्रमको अनुगमन र प्रतिवेदनः** अनुदान दिईएपछी त्यस अनुदानको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्नुपर्ने हुन्छ। सशर्त अनुदानमा अनुदान दिनुको निश्चित उद्देश्य रहन्छ र त्यसका लागि शर्तहरु तोकिएका हुन्छन्। शर्त बमोजिम कार्यहरु भए नभएको यकिन गर्न सशर्त अनुदानमा अनुगमनको झनै महत्व रहन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अन्तर्गत रहेका अधिकाम्स कार्यक्रमहरुले अनुदान दिईएपछी आवधिक रुपमा अनुगमन गरि त्यसको प्रतिवेदन तयार गर्नुपर्ने साथै अनुदान प्राप्त गर्ने विद्यालयले पनि तोकिएको समयमा पालिकालाई प्रतिवेदन गर्नु पर्ने व्यवस्था गरेको छ। सूचकमा आधारित अनुगमनले कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनुको साथै आगामी दिनहरुमा कार्यक्रम थप सुधार गर्न मद्दत पुग्ने हुन्छ। पालिकाले विद्यालयहरुलाई अनुदान दिएको तर तोकिएको समयमा गर्नु पर्ने अनुगमन र विद्यालयहरुले गर्नु पर्ने प्रतिवेदन गरेको पाईएन। अतः पालिकाले अनुगमन तथा प्रतिवेदनलाई कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप सम्पन्न गर्नु पर्ने देखिन्छ। | |
| २६ | | | **साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमः**<br><br>• प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्ने उद्देश्यले नेपाल सरकारले स्थानीय तहबाट सञ्चालन हुने गरी साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वय म्यानुअलको परिच्छेद ४ मा पकेट विकास कार्यक्रमका लागि कृषक समुह वा यस्तै कृषि कार्यका लागि संगठित समुह | १,९१४,९५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुनु पर्ने व्यवस्था छ। साथै, आवेदन प्रकृया, लाभग्राही तथा पकेट क्षेत्रको छनौट, प्रविधि हस्तान्तरण लगायतका विभिन्न प्रावधानहरु रहेका छन्।<br><br>• पालिकाले पकेट विकास कार्यक्रम म्यानुअल बमोजिम लाभग्राही छनौट नगरेको, पकेटमा खर्च गर्नु पर्ने रकम पालिकाका अन्य कृषि कार्यक्रममा खर्च गरेको, मिडिया लगायत अन्य प्रयोजनका लागि भुक्तानी गरेको, पावर टिलर लगायत कृषि प्रविधि तथा अन्य सामाग्री खरिद गरिएको तर कतिपय वितरण भए नभएको यकिन गर्न नसकिएको, वितरण भएका कृषि सामाग्री व्यक्तिलाई समेत वितरण गरेको देखिन्छ। लाभग्राहीहरु पकेट विकास कार्यक्रमका लागि छनौट भए नभएको पनि यकिन गर्न सकिएन। म्यानुअलले तोकेको विधिभन्दा बाहिर रहेर गरिएको खर्च नियमसम्मत मान्न सकिन्न। अतः पालिकाले यस सम्बन्धमा तथ्य यकिन गरी सबन्धित कर्मचारीलाई जिम्मेवार तथा जबाफदेही बनाई पकेट कार्यक्रम सञ्चालन गर्नु पर्दछ। पालिकाले पकेट कार्यक्रम अन्तर्गत खर्च लेखेको तर नियमसम्मत हुन नसकेको रकम रु. | |
| २७ | | | **पदाधिकारीतर्फ** | |
| २७.१ | १२४८ | २०७९-३-२४ | **पदाधिकारी बैठक भत्ताः** सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुबिधा भन्दा बढी सुबिधा लिन नपाउने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार पदाधिकारीहरुले महिनाको २ वटा बैठकको मात्र बैठक भत्ता रु. १००० को दरले दिने व्यवस्था अनुसार पालिकाको १० औं सभाको बैठकमा ४ दिनसम्मको बैठक भत्ता ४२ जनालाई रु. १,६८,००० भुक्तानी दिएकोमा २ दिनसम्मको ४२ जनाको कर कट्टि पछि रु. ७१,४०० बढी भुक्तानी सम्बन्धित पदाधिकारीबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | ७१,४०० |
| २७.२ | | | **पदाधिकारी यातायात खर्चः** पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । पालिकाका देहाय बमोजमका पदाधिकारीहरुले बैठक बसे मात्र यातायात खर्च पाउनु पर्नेमा प्रत्येक महिनाको २ बैठक बसेको भनी रु.५०० को दरले यातायात खर्च प्राप्त गरेकोमा प्रति महिना २ बैठक बसेको माइन्युट रु. १,८९,००० को प्रमाण पेश गर्नुपर्ने अन्यथा देहाय बमोजिम असूल गर्नुपर्ने रु. | १८९,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>विवरण</td><td>महिना</td><td>पदाधिकारी संख्या</td><td>प्रति बैठक रु. ५०० को दरले मासिक रु.</td><td>जम्मा रु.</td></tr>
<tr><td>गाउँसभा सदस्य</td><td>९</td><td>२१</td><td>१०००</td><td>१८९०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>कर्मचारीतर्फ</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापनः– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले प्रमुख प्रशासकीय अधिकृत (करार ६८ र स्थायी ६८) सहित १३६ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ९५ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका पशु प्राविधि, न्याय सहायक र हेभी सवारी चालक जस्ता पदहरु रिक्त रहेका छन् । पदपूर्तिमध्ये मेडिकल अधिकृत, पशु प्राविधिक, हे.अ.र स्टाफ नर्स सहित ५६ जना करारका कर्मचारी राखी पदपूर्ति गरिएको छ । स्वीकृत दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन,सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>करार कर्मचारी खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा कानून बमोजिम मात्र भर्ना गर्नुपर्नेमा पालिकाले बिभिन्न पदमा ६६ जना कर्मचारीहरु करारमा राखी रु.१,६०,४५,२५५ खर्च लेखेको छ । यसरी करारमा कर्मचारी राख्दै जानु उचित देखिएन । ओ एण्ड एम गरी कानून सम्मत मात्र कर्मचारी भर्ना गरी खर्च लेख्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>कर्मचारी व्यवस्थाः-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन् । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. ११,४५,७९० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.</td><td>१,१४५,७९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><th>क्र.सं.</th><th>पद</th><th>नियुक्ति संख्या</th><th>तलव भत्ता रु.</th></tr><tr><td>१</td><td>सहायक कम्प्युटर अपरेटर</td><td>३</td><td>११,४५,७९०</td></tr></table></td><td></td></tr>
<tr><td>२८.४</td><td></td><td></td><td>अस्थायी कोभिड करार कर्मचारी: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कोभिड व्यवस्थापनको लागि ५ जना करारमा कर्मचारीहरु राखी २०७८ श्रावण देखि २०७९ आषाढसम्म रु. २८,९०,६५६ खर्च लेखेको छ । कोभिड व्यवस्थापन प्रयोजनार्थ क्वारेन्टाइन तथा आइसोलेसनमा राखेको करार कर्मचारीहरुलाई वर्षभरी स्वास्थ्य चौकीमा समायोजना गरी राखेको पाइयो । क्वारेन्टाईन तथा आइसोलेसन बन्द रहेको अवस्थामा पनि तलब भत्ता भुक्तानी गरेको पाइयो । साथै ति कर्मचारीहरुको नियुक्ति प्रकृया सम्बन्धि अभिलेख प्राप्त हुन नसकेकोले के कसरी भएको हो भनी एकिन हुन सकिएन । क्वारेन्टाईन एवम् आईसोलेसन संचालन नभएको अवधिमा पनि भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.</td><td>२,८९०,६५६</td></tr>
<tr><td>२८.५</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ताः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु. २०,११,२९३ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.६</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नु पर्दछ ।<table><tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>६</td><td>६</td><td>५</td><td>१</td></tr></table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>अनुदानतर्फ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.१ | | | **गोबर ग्यास निर्माण कार्यक्रमः** भौ.नं. १०२६।०७९।३।७, गाउँपालिकाले रु. ४,९९,८४० को अनुदानमा १६ जनालाई गोबर ग्यास निर्माणको लागि छनौट गरी कोटेशनबाट सेती महाकाली गोबर ग्यास तथा कृषि यन्त्र विकास प्रा.लि.सँग सम्झौता पत्र गरेकोमा सम्झौता अनुसारको कार्य सम्पन्न भएको भनी सम्बन्धित वडाको सिफारिस समेतको आधारमा भुक्तानी दिएकोले उक्त गोबर ग्यास निर्माण कार्यको लागत अनुमानको आधार नभएको तथा १६ जनाको छनौट प्रकृया पारदर्शी नभएको उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन । | |
| २९.२ | | | **धानबालीको राहत वितरणः** नेपाल सरकारले किसानहरुको धानबालीमा भएको क्षतिको विवरण संकलन गरी धानबालीको क्षति अनुसार सुदूरपश्चिम प्रदेशको बर्दगोरिया गाउँपालिकाका कृषकहरुको खातामा बैङ्क मार्फत् रु. ६१,१५,०१८ वितरण गरी बाँकी रु. ७४,०४९.४४ पालिकाले फिर्ता गरेको छ । | |
| ३० | | | **सामाजिक सुरक्षा कार्यक्रम**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(१) बमोजिम पालिकाले लाभग्राहिको अद्यावधिक विवरणका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालिमा लगत कट्टा बमोजिम भुक्तानी नगरेको, नागरिकता नम्वर दोहोरो परेकोमा पनि रकम जम्मा गरेको देखिन्छ।पालिकाले उपलब्ध गराएको रिभर्फफिडमा पालिकाले निकासा गरेको कुल रकम र बैंकद्धारा लाभलाग्रहीलाई वितरण गरेको कुल रकमबीच फरक देखिएको छ। अतः पालिकाले सामाजिक सुरक्षातर्फ रु. ११,२८,२९,६८५ रकम खर्च लेखेको भएपनि वास्तविक खर्च यकिन गरि बैंकमा मौज्दात देखिए संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ। पालिकाले लगत कट्टीको विवरण अद्यावधिक गरेरमात्र रकम निकासा गर्नु पर्दछ। | |
| ३१ | | | **राजस्वतर्फ** | |
| ३१.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७८।०७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । (रु.हजारमा)<br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>२९६९८७</td><td>११४०८</td><td>३८.४</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३८.४ प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३१.२ | | | **आन्तरिक आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु १ करोड २५ लाख ९९ हजार ९९० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.२ करोड १५ लाख ५६ हजार ८२० अर्थात अनुमान भन्दा ७१।०८ प्रतिशत बढी आय प्राप्त गरेको छ । कार्यालयले आन्तरिक आय अनुमानको तुलनामा असुली कम देखिएकोले याथार्थपरक आय अनुमान गर्न सकेको देखिएन । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउदै कार्यालयले आम्दानीका सबै स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन वृद्धि गर्ने तर्फ ध्यान दिन आवश्यक छ ।<table><tr><td>राजश्व शीर्षक</td><td>अनुमानित</td><td>प्राप्त रकम</td><td>असुल प्रतिशत</td></tr><tr><td>एकिकृत सम्पत्ति कर</td><td>१४,४९,५७६।००</td><td>३०,४०,४४१।००</td><td></td></tr><tr><td>भूमिकर/ मालपोत</td><td>१०।००</td><td>५९,४६४।६०</td><td></td></tr><tr><td>घरबहाल कर</td><td>७,७७,६७०।००</td><td>८७,६५०७।३७</td><td></td></tr><tr><td>बहाल विटौरी</td><td>१०।००</td><td>१२,६५५।००</td><td></td></tr><tr><td>सवारी साधन</td><td>२०२३,,०००।००</td><td>००।००</td><td></td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर</td><td>००।००</td><td>००।००</td><td></td></tr>
<tr><td>अन्य कर</td><td>००।००</td><td>२,५१०।००</td><td></td></tr>
<tr><td>अन्य बिक्रीबाट प्राप्त रकम</td><td>००।००</td><td>००।००</td><td></td></tr>
<tr><td>अन्य प्रशासनिक सेवा शुल्क</td><td>००।००</td><td>००।००</td><td></td></tr>
<tr><td>नक्सापास दस्तुर</td><td>१,०३,,२९६।००</td><td>२,४०,६६९।६०</td><td></td></tr>
<tr><td>सिफारिश दस्तुर</td><td>३६,१२,,१०८।००</td><td>१३,४९,६७३।५०</td><td></td></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>१०।००</td><td>५,३४,५००।००</td><td></td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>१०।००</td><td>५९,५००।००</td><td></td></tr>
<tr><td>अन्य दस्तुर</td><td>१०।००</td><td>१,५२,५८,१९९।७८</td><td></td></tr>
<tr><td>व्यवसाय रजिष्ट्रेशन दस्तुर</td><td>५७,२६०।००</td><td>४३,७००।००</td><td></td></tr>
<tr><td>अन्य राजस्व</td><td>००।००</td><td>७९,०००।००</td><td></td></tr>
<tr><td>जम्मा</td><td>१,२५,९९,९९०</td><td>२,१५,५६,८२०।८५</td><td>७१।०८</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
कुल १६ राजस्व शिर्षक मध्य कार्यालयले १० शिर्षकमा रू ० देखि १०।००सम्म अनुमान गरी रू १,२५,९९,९९०।०० प्रस्ताव गरेकोमा पालिकाले प्रस्ताव गरे भन्दा बढी १२ वटा शिर्षकबाट रू २,१५,५६,८२०।८५ अर्थात अनुमान गरे भन्दा ७१.०८
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिशतले बढी राजस्व पास्री गरेको देखिन्छ । यसरी कार्यालयले वास्तबिक तथ्याङ्ग एकिन नगरी मनोमानी रूपमा रू ० देखि १० सम्म राजस्व अनुमान गरेको वास्तविबक तथ्याङ्कमा आधारित भएर गरेको हो भन्न सक्ने अवस्था देखिएन । अत कार्यालयले राजस्व प्रस्ताव गर्दा पालिकाको अवस्था एकिन गरी मात्र प्रस्ताव गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ३१.३ | | | **राजश्व दाखिलाः** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा २४ (३) आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले सात दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ ।पालिकामा वडाको राजश्व दाखिला ढिलो भएकोले ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । ढिलो दाखिला रकममा पालिकाले जरिवाना असुल गरेको देखिएन ।अत पालिकाले असुली आम्दानी रकम समयमा दाखिला नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई जरिवाना सहित असुल गर्नतर्फ ध्यानदिनु पर्दछ । | |
| ३१.४ | | | आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (१), (२), (३), (४) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । व्यवसाय रजिष्ट्रेशन दस्तुर, मृत्युदर्ता सिफारिस दस्तुर, नाता प्रमाणित अन्य सेवा शुल्क सेवा दिएकोमा सो बापतको आय वडागत रुपमा असूल भएको कार्यालयबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन् । अत पालिका कार्यालयले समयमा राजस्व दाखिला गर्नतर्फ ध्यानदिनु पर्दछ । | |
| ३१.५ | | | **अभिलख ब्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सो को मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.६ | | | **ढुगां गिट्टी बालुवा निकासीः**गाउपालिका कार्यालयले आर्थिक बर्ष २०७८।७९मा ढुगा गिट्टी,र बालुवा निकासीका लागी कार्यालयले प्रकाशन गरेको सुचना अनुसार एस. के. एल. निर्माण सेवाको कबोल अंक रू १,३६,७३,०००।०० मिजुवा नदी,पथरिया नदी,काडा नदी र कुहिरो नदीबाट निकासा गर्ने गरी स्वीकृती भएको छ ।कार्यालयको अभिलेख अनुसार कार्यालयले रसिद न. १ देखि ९००० सम्म ९० ठेली छपाइ गरी एस. के.एल निर्माण सेवालाई १२०००० घ.मी. ढुंगा गिट्टी,वालवा निकासी गर्न नगदी रसिद बुझाएको देखिन्छ । माथि उल्लेखित बिवरण अनुसार उक्त ठेली लेखापरीक्षणको समय सम्म पनि फिर्ता लिएको आधिकारिक अभिलेख राखी कति परिमाणमा निकासा गरयो सो को अभिलेख राखेको देखिएन । यसरी कार्यालयले रसिद दिने र फिर्ता नलिने प्रक्रिया कानुन सम्मत छ भन्न सकिएन । गाउँपालिका कार्यालयको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण गर्ने क्रममा पालिकाबाट कार्यान्वयनमा आएका योजना उपभोकेता समितिको बिल भरपाई परीक्षण गर्दा गाउँपालिका कार्यालयमा १,५,००० सम्मका रसिद प्रयोग भएको देखिन्छ । यसरी पालिकाले निर्माण ब्यावसायीलाई बुझाए भन्दा बढी ६००० प्रयोग भएका रसिद ठेली कहां छपाइ भएका हन गाउपालिकाको छाप कहाबाट प्रयोग भएको हो. गाउँपालिका कार्यालयले निर्माण ब्यावसायीबाट उक्त रसिद फिर्ता लिई निजले उक्त रसिदबाट कति निकासी गरेको छ आवश्यक छानबिन गरि बढी निकासी गरेको परिमाणको रोयल्टी असुल गर्नु पर्दछ । ९००० रसिद भन्दा माथिका प्रयोग भएका रसिदका केही उदाहरण निम्न प्रकारका छन । | ४६०,०५० |

| सि.न | भौचर न. | योजनाको नाम | रसिद न. | लिएको रकम |
|---|---|---|---|---|
| १ | १८।२०७९।३।२२ | पूर्व मुक्तीटोल धारादेखि मसानघाट जाने सडक ग्राबेल | रसिद न१४८६८, १४८८९,१४८७४, १४३७१बाट ५०० घ.मी | ५००००।०० |
| २ | १०२।२०७९।२।६ | बौनिया सरस्वतीको घरदेखि नर चौधरीको घर हुदै नाला निर्माण र ग्बेल | रसिदन१४२८६ बाट१२१।५घ.मी | १२१५०।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | १२५।२०७९।२।३० | माटो पटानी सहित भवन निर्माण बेलुवा सार्वजनिक जग्गाम नि.उ.स | रसिदन ११६२३, ११६२५र११६२६बाट २६६९घ.मी | २६६०००।०० |
| ४ | २०।२०७९।३।२४ | इन्देरणी युवा क्लबको घेरावार जाली नि.उ.स | न.१४३६८र १४३६९बाट २०० घ.मी | २००००।०० |
| ५ | १३६।२०७९।३।८ | फोहोर संकलन तथा मर्मत उ.स | रसिद न.१२३९७बाट १८० घ.मी | १८०००।०० |
| ६ | १६५।२०७९।३।१४ | वडा २ कार्यालय भवन निर्माण उ.स | रसिद न.१४२९५बाट १९२ घ.मी | १९२००।०० |
| ७ | ४।२०७९।२।३० | वडान६कोकार्यालय भवन देखि वास्ताकोटी चोक सम्म ग्राबेल उ.स | रसिद न.११६६२ र ११६२१बाट ३६० घ.मी | ३६०००।०० |
| ८ | ८३।२०७८९।१।४ | छतिवन नफरेको घरदेखि चौरसिया वलिरामको घर सम्म बाटो ग्राबेल उ.स | रसिद न. १२६९८ र१२६९९बाट ३८७घ.मी | ३८७००।०० |
| | | जम्मा | | ४,६०,०५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **धरौटी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६६ तथा ६७ मा धरौटी फिर्ता सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले धरौटी फिर्ता गर्दा सम्बन्धित पार्टीलाई भुक्तानी भएको वर्षको करचुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धी कर समायोजन पत्र प्राप्त गरेको हुनुपर्ने भएपनि कर समायोजन पत्र नभई फिर्ता गरेको पाईयो। पालिकाले धरौटी फिर्ता गर्दा आवश्यक कागजात पुरा भएपछि मात्र फिर्ता गर्नुपर्ने देखिन्छ। केहि व्यहोराहरु देहायबमोजिम छन्: | |

| भौचर मिति | भौचर नं | नाम | धरौटी फिर्ता रकम | कैफियत |
|---|---|---|---|---|
| २०७८।६।१७ | ७ | एच. वि कन्स्ट्रक्सन | ५,९०,५५६ | मु.अ. कर समायोज पत्र र कर चुक्ताको प्रमाण पत्र नभएको |
| २०७८।६।७ | ४ | यु. एम. कन्स्ट्रक्सन | ८१,३६७ | मु.अ. कर समायोज पत्र र कर चुक्ताको प्रमाण |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td></td><td>पत्र नभएको</td></tr><tr><td>२०७८।६।७</td><td>१</td><td>कौशिक निर्माण सेवा</td><td>२,१४,८५४</td><td>कर समायोजन पत्र नभएको</td></tr></table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>लघु उद्यमीहरुलाई प्रविधि हस्तान्तरणः<br><br>लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउने उद्देश्यले कार्यन्वयमा आएको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ मा लघु उद्यमीहरुलाई आवश्यकताको विश्लेषण गरी बढीमा ८०% पालिकाको र बाँकी २०% सम्बन्धित लघु उद्यमीले व्यहोर्ने गरी प्रविधि हस्तान्तरण गर्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले उद्यमीहरुलाई सिलाई तालिम आईरन, ब्युटीपार्लर कुर्सी, बंगुरको पाठा, स्प्रेय ट्याङ्की लगायतका बस्तुहरु हस्तान्तरण गर्दा उद्यमीले व्यहोर्नु पर्ने रकम असुल नगरी शतप्रतिशत पालिकाबाट भुक्तानी भएको देखिन्छ। अतः पालिकाले प्रविधि हस्तान्तरणमा रु. ३,३६,००० खर्च गरेको २०% सम्बन्धित लघु उद्यमीहरुबाट असुलउपर गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रकम रु.</td><td>६७,२००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>भ्रमण विल भन्दा वढी भुक्तानीः<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण खर्चको बील भरी आवश्यक बील भर्पाइसाथ सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। साथै कार्यालयले बीलभरपाई यकिन गरि भुक्तानी गर्नु पर्ने हुन्छ। कार्यलाय सहयोगी रामलाल चौधरीले मिति २०७९।०३।०५ देखि २०७९।०३।०७ सम्म बर्दगोरिया-धनगढी-बर्दगरियासम्म तीन दिनको रु. ३१५० रकमको दैनिक तथा भ्रमण खर्चको बिल पेश गरेको देखिन्छ। तर पालिकाले सम्बन्धित व्यक्तिलाई रु. २८,७५० भुक्तानी गरेको देखिन्छ। अतः यसरि भ्रमण खर्च बिल भन्दा बढी भुक्तानी भएको रकमको सम्बन्धमा प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने रकम रु.</td><td>२५,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **विविधतर्फ** | |
| ३५.१ | | | **कृषि, पशु, खानेपानी तथा विद्यालय अनुदानः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ। | |
| ३५.२ | | | **सडक गुरु योजना र अभिलेखः** पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथामिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरु योजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ। | |
| ३६ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरु**<br><br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ९६ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै नै बेरुजु फर्छयौट गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम निम्नानुसार बेरुजु हालसम्म फर्छयौट नभएकोले नियमावलीको व्यवस्था बमोजिम बेरुजु फर्छयौट गर्नु पर्दछ । | |
| ३६.१ | | | <table><tr><th>क्र.सं.</th><th>विवरण</th><th>असुल हुनुपर्ने रु.</th></tr><tr><td></td><td>**गाउँपालिका चालु**</td><td></td></tr></table> | १९३,९६८.५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | १ | भौ.नं. १९३\०७८\०८\६, कार्यालयको इन्भर्टर एव वाइरिग गरे वापत आयुस इलेक्टोनिक्सले रु १९५०० बराबरको विल जारी गरिएकोमा विल रकममा नियमानुसार १.५ प्रतिशत अग्रिम आय कर कट्टि गर्नुपर्नेमा नगरेकोले उक्त रकमको १.५ प्रतिशत हुन आउने रकम रु २९२.५ रकम संघिय सरकारको खाताका जम्मा गर्नुपर्ने वा कर समायोजन पत्र संलग्न गर्नुपर्ने रु. | २९२.५ | |
| | | | २ | भौ.नं. ८७५\०७९\०१\२१, भुमि सम्वन्धी सुचना प्रकाशण गरेवाफत सेति महाकाली पत्रिकालाइ रु २४५५० भुक्तानि गर्दा उक्त पत्रिकासंग र५००० को मात्र सम्झौता गरी सोही रकम बरावरको विल मात्रसंलग्न गरीएकोले सम्झौता भन्दा बढी भुक्तानि हुन गएको रकम रु १९५५० असुल गरी सम्वन्धीत खातामा जम्मा गर्नुपर्ने रु. | १९५५० | |
| | | | | **ब.उ.शि.नं. ३३६००१०२३ गरिबसँग विश्वेश्वर कार्यक्रम** | | |
| | | | १ | भौ.नं. ३१।०७९।३।१, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम १९ मा विनियोजित वजेट खर्च मापदण्ड बमोजिम हुन पर्ने व्यवस्था रहेको छ । अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका २०७७ को २.७.१५ बो बुँदा नं ४ मा तालिम केन्द्र बाहेक अन्य नियकायबाट संचालित सबै प्रकारका तालिम संचालन सम्बन्धी खर्चको मापदण्डलाई आधार लिई खर्च गर्नुपर्ने व्यवस्था छ। उक्त मापदण्डमा अनुगमन भत्ताको व्यवस्था नरहेकोमा देहायबमोजिमका पदाधिकारी तथा कर्मचारीहरुको बाख्रा वितरण कार्यक्रमको अनुगमन भत्ता वापत रकम भुक्तानी लिएको पाइएकाले नियमसम्मत नभएको उक्त रकमम असुल गर्नुपर्ने रु.<br>· वडा अध्यक्ष जयरुप खतिवडा रु. ८५०<br>· प्रमुख प्रशासकीय अधिकृत अर्जुन सिंह कार्की रु. ८५०<br>· भे. अ. जय प्रसाद कोईराला रु. ८५०<br>· आ. ले. प. सहायक विष्णु विष्ट रु. ८५० | ५१०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| | · ना. प. से. प्रा. अनिल ओली रु. ८५०<br>· वडा सचिव अशोक भण्डारी रु. ८५० | |
| २ | भौ.नं. ०।०७९।३।१, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम १९ मा विनियोजीत बजेट खर्च मापदण्ड बमोजिम हुनु पर्ने व्यवस्था रहेको छ । अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका २०७७ को २.७.१५ बो बुँदा नं ४ मा तालिम केन्द्र बाहेक अन्य नियकायबाट संचालित सबै प्रकारका तालिम संचालन सम्बन्धी खर्चको मापदण्डलाई आधार लिई खर्च गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम प्रदेश/जिल्लास्तरीय तालिमको लाथि सहायकस्तर/अन्य तालिममा कार्यपत्र वापत रु. ८०० र प्रवचन वापत रु. ७०० समेत रु. १५०० दिन मिल्ने व्यवस्था छ। यस्तो तालिम वा गोष्ठी सम्बन्धित कार्यक्रमले संचालन गरेमा कार्यालयको स्रोत व्यक्ती भएको अवस्थामा प्रवचन वापत पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले ५ दिने व्यवसायीक बाख्रा तथा बंगुर पालन तालिम संचालन गर्दा भे.अ. जय प्रसाद कोइराला लाई २० वटा कार्यपत्र/प्रवचनको रु. १६,००० भुक्तानी दिनुपर्नेमा रु. ३०,००० भुक्तानी दिएको पाइयकाले बढी भुक्तानी रु. १४,००० पाइएकोले कर कट्टी भएको रकम घटाई बाँकी रकम असुल गरि संचित कोषमा दाखिला गर्नुपर्ने रकम रु. | ११९०० |
| ३ | भौ.नं. ०।०७९।३।३२, आयकर ऐन, २०५८ दफा ८ रोजगारीबाट भएको आय गणना तथा सालबसाली आर्थिक ऐन बमोजिम कर निर्धारण दर र प्रकृया उल्लेख छ। सामाजिक परिचालक अर्पण मल्ललाई चाडपर्व खर्च रु. १५००० भुक्तानी दिएकोमा समाजिक सुरक्षा कर कट्टी नभएको रकम असुल गर्नुपर्ने रु. | १५० |
| ४ | भौ.नं. ३१।०७९।३।१, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम १९ मा विनियोजीत बजेट खर्च मापदण्ड बमोजिम हुनु पर्ने व्यवस्था रहेको छ। अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चाल निर्देशिका २०७७ को ७.१.१५ को बुँदा नं. ४ मा तालिम | ८५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | केन्द्र बाहेक अन्य निकायबाट संचालन सम्बन्धी खर्चको मापदण्डलाई आधार लिई खर्च गर्नुपर्ने व्यवस्था छ। उक्त मापदण्डममा अनुगमन भत्ताको व्यवस्था नरहेकोमा देहायबमोजिमका पदाधिकारी तथा कर्मचारीहरुले ५ दिने व्यवसायीक बाख्रा तथा बंगुर पालन तालिमको अनुगमन भत्ता वापत रकम भुक्तानी लिएको पाईएकाले नियमसम्मत नभएको उक्त रकम असुल गर्नुपर्ने रु.<br>१. उपाअध्यक्ष भगवती डगरौ थारु रु. ८५०<br>२. वडाअध्यक्ष जयरुप खतिवडा रु. १७००<br>३. प्रमुख प्रशाकीय अधिकृत अर्जुन सिंह कार्की रु. ८५०<br>४. वडा सदस्य प्रकास साउद रु. ८५०<br>५. वडा सदस्य पदम रिमाल रु. ८५०<br>६. वडा सदस्य मथुरा वि.क. रु. ८५०<br>७. लेखापाल डिल्ली प्रसाद खनाल रु. ८५०<br>८. आ.ले.प. सहायक विष्णु विष्ट रु. ८५०<br>९. वडा सचिव अशोक भण्डार रु. ८५० | | |
| | | | | **ब.उ.शि.नं. ३७०००११६४ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम** | | |
| | | | १ | भौ.नं. ०।०७९।३।३२, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। सु.भा. लक्ष्मण साउद र कार्यालयबीच भएको दैनिक ज्यालादारी सेवा करार सम्झौताको बुँदा नं ४ मा दैनिक ज्यालादारीमा काम गरे वापत सहायक चौथो तहको असिस्टेन्ट सव इन्जिनियर पदको मासिक शुरु तलब स्केलको दैनिक हुन आउने रकमलाई आधार मानी ज्याला भुक्तानी लिइने उल्लेख छ। कार्यकालयले सु.भा. लक्ष्मण साउदलाई निम्न गोश्वारा भौचरबाट देशाय बमोजिम बढी भुक्तानी दिएको पाइएकाले सामाजिक सुरक्षा कर घटाई असुल गर्नुपर्ने रु. | ६२४६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>१. गो.भौ.नं. ६/२०७९/११/०८ बाट फागुन र चैत्र महिनाको ज्याला रु.५७२२० भुक्तानी दिनुपर्नेमा रु. ६३२२० भुक्तानी दिएको रु. ६,००० बढी भुक्तानीमा सामाजिक सुरक्षा कर घटाई असुल गर्नुपर्ने रु.५९४०<br>२. गो. भौ. नं. १२/ २०७९/०३/१३ जेठ र असार महिनाको रु.५७२४० भुक्तानी दिनुपर्नेमा रु.५७५८० भुक्तानी गरिएकाले बढी भुक्तानी रु. ३४०मा कर घटाई असुल गर्नुपर्ने रु. ३०६</td><td></td></tr>
<tr><td>२</td><td>भौ.नं. ०।०७९।३।३२, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका २०७३ बमोजिम प्रमाणीत पुष्टयाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। कन्टिन्जेन्सी रकम खर्च गर्दा योजनासँग सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्दछ।कार्यलयले पालिका अन्तरगत निर्माणाधिन ५/१०/१५ शैया आधारभुत अस्पतालको कार्यप्रगती तथा मोविलाईजेसन भुक्तानी क्रियाकलाप स्वीकृत भएकोमा कन्टिन्जेन्सी रकम खर्च गर्दा उक्त योजनासँग सम्बन्धित कार्यका लागि खर्च गर्नुपर्नेमा अर्कै योजना (धार्मीक स्थल निर्माण) को प्राविधिक रेखदेखका लागि ज्यालादारी करार सेवामा नियुक्त सु.भ. झंकर बहादुर बुढालाई देहायका भोश्चारा भौचरबाट देहायको रकम भुक्तानी गरेको पाईयो। संघीय अख्तियारी बमोजिम स्वीकृत क्रियाकलाप विपरीत संघीय संचित कोषमा बढी व्ययभार पर्ने गरी खर्च गरीएको रकम संघीय संचित कोषमा फिर्ता हुनुपर्ने रु.<br>१. गो.भौ.नं. १।२०७८/११/०८ बाट रु. २२६३८<br>२. गो.भौ.नं. ६।२०७९/०१/०९ बाट रु. ६२५८७.८०<br>३. गो.भौ.नं.१२।२०७९/०३/१३ बाट रु. ५७००४.२०</td><td>१४२२३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१,९३,९६८.५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६.२</td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>नियमित गर्नुपर्ने रु.</th></tr>
</table>
</td><td>२,८१३,८१८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| | **गाउँपालिका, चालु** | |
| १ | भौ.नं. १५६\०७८\७\१७, वडा नं. ६ को चालु प्रशासनिक खर्च भुक्तानि गर्दा विभिन्न कार्यालय समाग्रि खरिद आदेश, निकाशा फारम, दाखिला प्रतिवेदन लगाएतका कागजातहरुमा कार्यालय प्रमुखले प्रमाणित नभएकोले नियमित गर्नुपर्ने रु. | २५२४५ |
| २ | भौ.नं. ३१८\०७८\०९\११, शुभ कामना सन्देश प्रकाशन प्रशारण वाफतके रु ४९२५ श्री कालापानि खवर मल्टि मिडायाँ प्रा लिलाइ रकम भुक्तानि गर्दा सो पत्रिकासंग कूनैपनि सम्झौता बेगर रकम भुक्तानि भएकोले नियमित गर्नुपर्ने रु. | ४९२५ |
| ३ | भौ.नं. ३६०\०७८\०९\१९, यस पालिकाको बोलपत्र आह्वान सम्वन्धि सुचना प्रकाशन गर्दा काबेरी मिडिया प्रा लिलाइ रु. १,२४,८३७ बरावरको रकम भुक्तानि गर्दा सम्वन्धित पत्रिकासंग कूनै सम्झौता नभएकोले नियमित गर्नुपर्ने रु. | १२४८३७ |
| ४ | भौ.नं. ३६२\०७८\०९\२०, यस पालिका अन्तर्गत दूइवटा झुलुग्गे पुल निर्माण गर्दा प्रति पुल १० जनाका दरले २ पुलको २० जनको जम्मा विमा शुल्क रु २८०३० एन एल जी इन्सुरेन्स प्रा लि लाइ कार्यालयलको पत्र बमोजिम बिमा गरेको भनिएकोले उक्त पत्र संलग्न गरी थप प्रमाणित कागजात पेश गरि नियमित गर्नुपर्ने। | २८०३० |
| ५ | भौ.नं. ४९६\०७८\१०\१८, ठेक्काको सुचना प्रसारण वाफतको रकम रु.१,४१,९८७ त्रिलक्ष्मि एडभरटाइजिग सर्भिसेस प्रा.लि.लाई भुक्तानी गर्दा सक्कल विज विजक संलग्न नरहेकोले संलग्न गरी नियमित गर्नुपर्ने रु. | १४१९८७ |
| ६ | भौ.नं. ६४२\०७८\११\२६, बर्दगोरिया गा पा को चिनारी हुने गरी अडियो भिडियो गीत निर्माण गरे वाफतको रकम रु १४७०५९ बर्दगोरिया तथा सास्कृतिक मञ्चलाइ भुक्तानि गर्दा | १४७०५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| | सम्वन्धित संस्थाले एउटै मितिमा टुक्रे विल जारी गरी भुक्तानि लिएकोले उक्त कार्यलाइ रोकि एउटै सिगो विल विजक जारी गर्नुपर्ने रु. | |
| ७ | भौ.नं. ६६७\०७८\१२\०९, बोलपत्रको सुचना प्रशारण वाफतको रकम रु १३६७३१ कावेरी मिडिया प्रा.लि. ला भुक्तानि गर्दा पत्रिका र कार्यालय तर्फबाट दुइ पक्षिय सम्झौताको पत्र समावेश नभएकोले सम्झौता पत्र समावेश गरी नियमित गर्नुपर्ने रु. | १३६७३१ |
| ८ | भौ.नं. ६७६\०७८\१२\१०, छपाइ एव सुचना प्रकाशन वाफतको रकम रु ९८५० आजको सस्लेषणलाइ भुक्तानि गरिएकोमा कुनै सम्वन्धित श्रेस्ता संलग्न नरहेकोले नियमित गर्नुपर्ने रु. | ९८५० |
| ९ | भौ.नं. ८८८\०७९\०१\२७, बर्दगोरिया गाउँपालिका कार्यालयको विभिन्न एन नियम साथै कार्यविधि निर्माण गरेवाफत समिका रिसर्च एण्ड टेर्निग सेन्टर प्रा. लि. लाइ रु ४८५०२५ मा सम्झैता बमोजिमको रकम भुक्तानि गर्दा सम्वन्धीत प्रा. लि. ले सक्कल कर विजक जारी नगरेकोले सक्कल विल विजक संलग्न राखि नियमित गर्नुपर्ने रु. | ४८५०२५ |
| १० | भौ.नं. १००४\०७९\०३\२, भूमि सुधार सम्वन्धी साइनवोर्डको निर्माण वाफत रु ५७६० रकम साइबाबा आर्टलाइ भुक्तानि गर्दा आवश्यक खरिद प्रक्रिया पुरा नगरिएकोले प्रक्रिया पुरा गरि नियमित गर्नपर्ने रु. | ५७६० |
| ११ | भौ.नं. ११८३\०७९\०३\२०, नव निर्वाचित प्रतिनिधिहरुलाइ अभिमुखीकरण कार्यक्रम संचालन गरे वाफत कोशेली मिडिया प्रा लि लाइ रु ४७२२५७ रकम भुक्तानि गर्दा मिति २०७९।३।१४ र १५ गरी दुइ दिन भनि देखाइएकोमा उपस्थितीको भरपाइ १ दिनको मात्र रहेकोले नियमित गर्नुपर्ने साथै कार्यक्रमको कार्यतालिका समेत संलग्न गर्नुपर्ने रु. | ४७२२५७ |
| | **संघीय सरकारबाट हस्तान्तरित पूँजीगत** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| १ | भौ.नं. २३\०७९\०१\१३, खैरेनि चोकदेखि बुटकौवा चोकसम्म सडक कालोपत्रे बर्दगोरिया गाउँपालिका वडा नं. ३ को सूचना प्रकाशन गरे वाफत रिभर एडभर्टाइजिग सर्भिसेस प्रा.लि.लाई रु. ६३९१५ रकम भुक्तानि गर्दा सम्झौता बेगर भुक्तानि भएकोले नियमित गर्नुपर्ने रु. | ६३९१५ |
| | **कृषि पूँजीगत** | |
| १ | भौ.नं. ५\६\७\२०७९\०३\२०, ५० प्रतिशत अनुदान कृषि औजार पावर टिलर वितरण कार्यक्रम अन्तर्गत डिकम एग्रो ट्रेडलिंक,सिगास एग्रो एण्ड ट्रेडर डिअर कृर्षि समाग्री तथा विज्ञान केन्द्रबाट अलग अलग गरी वापर टिलर खरिद गरेको देखियो । एउटै प्रकृतीको समाग्री भिन्नफर्मबाट कोटेशन मार्फत खरिद गरेकोले आर्थिक पार्दशिता तथा मितव्ययितामा असर पर्न जाने हुदाँ अब उपारान्त एउटै प्रकृतिको खरिदलाइ टुक्रा नपारि एकमुष्ट खरिद गरि नियमित गर्नुपर्ने रु. | |
| | **गाउँपालिका पूँजीगत** | |
| १ | भौ.नं. ८।०७८।८।२७, वडा नं. ६ को कार्यालयको लागी ए सि खरिद गर्दा पि. एन. सेल्स प्वाइन्टलाई रु ९४,७४४ रकम भुक्तानी गर्दा माग फारम, खरिद आदेश, दाखिला फारम एव हस्तान्तरण फारममा जिम्मेवार पक्ष कसैको पनि हस्ताक्षर नभएकोले उक्त रकम नियमित गर्नुपर्ने रु. | ९४७४४ |
| २ | भौ.नं. ११८।०७९।०२।२३, वर्दगोरिया ग्रामिण विद्युत, स्वास्थ्य इकाईमा लाइन विस्तार वाफत उपभोक्ता समितीलाई रकम भुत्तानी गर्दा अन्तीम विल, टिप्पणी, आदेश र कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातमा कार्यालय प्रमुखको हस्ताक्षर नभएकोले नियमित गर्नुपर्ने रु. | ७८४४७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>भौ.नं. १८८।०७९।०३।२२, अनलाइन व्यवसाय दर्ता व्यवस्थापन प्रणाली जडान वाफत मोहरेन वेवसप्ट प्रा लि लाई ४,६६,५८३ रकम भुक्तानी गर्दा खरिद आदेश, दाखिला प्रतिवेदन समेतमा कार्यालय प्रमुखको हस्ताक्षर नभएकोले नियमित गर्नुपर्ने रु.</td><td>४६६५८३</td></tr>
<tr><td></td><td>ब.उ.शि.नं. ३६५०११११४, स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम</td><td></td></tr>
<tr><td>१</td><td>भौ.नं. १।०७८।१२।१६, मुल्य अभिवृद्धि कर नियमावली, २०५३ नियम ६ (ग) ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ति हुने बस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकदार वा आपुर्ति कर्तालाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरिदिनु पर्ने व्यवस्था छ । स्थानीय तहको प्रशासकीय भवन निर्माण कार्यको विल भुक्तानीका लागि श्याम सुन्दर निर्माण सेवा प्रा.लि. ले पेश गरेको विजक नं. ०१५।२०७८/११/०६ को सक्कल प्रति संलग्न नरहेको पाइयो । उक्त विजकका लागि फर्मलाई भुक्तानी गरिएको रकम रु. ४५९३२१२.७८ मा मु.अ.कर रु. ५२८४२२.७१ समावेश भएकोले मु.अ.कर समायोजन पेश गरी नियमित गर्नुपर्ने रु.</td><td>५२८४२२.७१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२८,१३,८१८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
पेश्की बाँकी<br><br>
सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४ (३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>पेश्कि लिनेको नाम</th><th>पद/ठेगाना</th><th>प्रयोजन</th><th>रकम रु</th></tr>
</table>
</td><td>९,०८७,३४५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="5">म्याद नाघेको पेश्की</td></tr>
<tr><td>1</td><td>मिलिनियम-शिव खिम्ति ज.भि</td><td></td><td>समपुरक कोष</td><td>२५,००,०००</td></tr>
<tr><td>2</td><td>मिलिनियम-शिव खिम्ति ज.भि</td><td></td><td>समपुरक कोष</td><td>१४,५२,५६२</td></tr>
<tr><td>3</td><td>श्याम सुन्दर निर्माण सेवा प्रा.लि.</td><td></td><td>गैर आवासीय भवन निर्माण/खरिद</td><td>४८,३४,७८३</td></tr>
<tr><td>4</td><td>बौनियाँ बजार व्यवस्थापन समिति</td><td></td><td>समपुरक कोष</td><td>३,००,०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९०,८७,३४५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>बिबिध परीक्षणतर्फ</td><td></td></tr>
<tr><td>३८.१</td><td></td><td></td><td>अन्य कार्यालयको खर्च :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम पालिकाको लागि भएकोले सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । यस पालिकाले अन्य मन्त्रालयबाट विनियोजित रकमबाट खर्च गर्नुपर्ने कार्यक्रम, निर्माण तथा मर्मत कार्यको लागि यस कार्यालयले निम्न कार्यको लागी भुक्तानी गरेको रकम नियमसम्मत देखिएन । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यक्रमको उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नुपर्ने हुँदा अन्य निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><th>भौचर न</th><th>कामको बिवरण</th><th>रकम</th></tr>
<tr><td>६९।२०७८।१२।१७</td><td>ब्रह कुमारी शान्ती अधुरो भवन निर्माण</td><td>४,९९,७२१</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९७।२०७९।१।१९</td><td>पशुपति युवा क्लबको अधुरो भवन निर्माण</td><td>३,९७,११९</td></tr>
<tr><td>११४।२०७९।२।१९</td><td>सब डिभिजन वन कार्यालय ऐरावार निर्माण</td><td>४,९६,४०६</td></tr>
<tr><td>१२७।२०७९।२।१३</td><td>जनजाति आदीवासीको अधुरो भवन निर्माण</td><td>३,९६,८१६</td></tr>
<tr><td>१३२।२०७९।३।२</td><td>इन्द्रणी युवा क्लबको अधुरो भवन निर्माण</td><td>३,९६,४२३</td></tr>
<tr><td>१६३।२०७९।३।९</td><td>लालीगुरासँ सामुदायिक वनको तारवार निर्माण</td><td>२,९६,२१९</td></tr>
<tr><td>१९१।२०७९।३।२३</td><td>सन्त निरकारीको अधुरो भवन निर्माण</td><td>३,९८,०००</td></tr>
<tr><td>२०५।२०७९।३।२४</td><td>रेडक्रस भवन निर्माण</td><td>४,९५,१९०</td></tr>
</table>
यस्ता खर्चहरु कार्यक्रममा राखेपनि औचित्यता पुष्टि हुनेगरी मात्र विनियोजन र खर्च गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३८.२</td><td></td><td></td><td>स्पेशिफिकेशन बेगर दाखिलाःआर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले एकिकृत स्वास्थ्य बिकास पुर्वाधार कार्यक्रमको कन्टेजेन्सी रकमबाट निम्न अनुसारका समानको लागत अनुमान तयार नगरी सोझै कोटेशनको आधारमा खरिद गरेको नियमसगत देखिएन । साथै कार्यालयले उक्त खरिद गरेका समानको स्पेशिफिकेशन खोली दाखिला गरेको पनि देखिएन । अत कार्यालयले स्पेशिफिकेशन खोली पाम्समा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू</td><td>१,३६७,१५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौचर न</td><td>समानको नाम</td><td>पार्टीको नाम</td><td>परिमाण</td><td>रकम</td></tr>
<tr><td>१५।२०७९।३।१९</td><td>ल्यापटप</td><td>लोयल कम्प्युटर बिष्णु काठमाण्डौ</td><td>३थान</td><td>७४१०००</td></tr>
<tr><td>२१।२०७८।३।२५</td><td>मोटरसाइकल</td><td>जि.एस. एस. टेड्रस</td><td>२थान</td><td>६२६१५०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१३,६७,१५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८.३</td><td></td><td></td><td>वारिण्टी कार्ड नलिएको: सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को ३ मा खरिद गरेका मालसमान वा सेवाको गुणस्तर परिक्षण गराउनु पर्ने बयवस्था छ । यस पालिका कार्यालयले बैकल्पिक उर्जा गाउपालिकामा जडान गरिएका सोलरको भुक्तानी दिएकोमा उक्त कार्य गुणस्तर बमोजिम छ भनी गुणस्तर परिक्षण गरेको प्राबिधिक प्रतिबेदन पेश गरेको देखिएन र साथै उक्त कार्यका लागी खरिद गरेका समानको बिक्रेता आधिकारीक कम्पनीले निश्चित अवधिको लागी वारिण्टी कार्ड दिने गरेकोमा कार्यालयले कुन कम्पनीबाट खरिद गरेको हो सो एकिन भएन। अत कार्यालयले उक्त समान खरिद गरेको कम्पनीबाट जारी गरेको वारिण्टी कार्ड लिएको प्रमाण पेश गर्नु पर्दछ ।
<table>
<tr><td>सि न</td><td>योजनाको नाम</td><td>गो भौ न र मिति</td><td>रकम</td><td>कैफिएत</td></tr>
<tr><td>१</td><td>नबिकरणीय उर्जा प्रबिधि जडान</td><td>५०।२०७९।३।१९</td><td>९८१६७३</td><td>कम्पनीको वारिण्डी कार्ड नलिएको</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.४ | | | **मर्मतसम्भार** कोषः स्थानिय सरकार संचा लन ऐन २०७४मा कुनै कोषको खर्च गर्द कार्यबिधी बनाएर मात्रखर्च गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयले चालु बर्ष २०७८।७९ मा ८ वटा भौचरबाट कार्यबिधि बेगर रू २५,०९,६३०।०० खर्च लेखेको नियमसम्मत देखिएन । अत कार्यालयले कार्यबिधी बनाएर मात्र खर्च गर्नु पर्दछ। | |
| ३८.५ | | | **सेनेटरी प्याड सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १ (ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको सेनिटरी प्याड एक पटक भन्दा बढी पटक ट्क्रा गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेका केही उदाहरण निम्न छन । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान बिभिन्न पार्टीसंग पटक पटक खरिद गरेको रु.१९,४८,७१५।०० नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले ६१६०० परीमाणको रु. १९,४८,७१५ को सेनेटरी प्याड सिधै खरीद गरेको नियमसम्मत नदेखिएको रु. | १,९४८,७१५ |

| भौचर नं. | योजनाको नाम | पार्टीको नाम | परिमाण | रकम |
|---|---|---|---|---|
| ३२३।२०७९।३।२२ | आधारभुत बिधालय निशुल्क सेनिटरी प्याड खरिद | सुबिसु मेडिसन | ४१२०० | ९,७७,६७६।०० |
| १४८।२०७९।१।५ | आधारभुत बिधालय निशुल्क सेनिटरी प्याड खरिद | पन्त ब्रदर्श | १०३०० | ४,८४,०६६।०० |
| ४५।२०७८।८।२७ | आधारभुत बिधालय निशुल्क सेनिटरी प्याड खरिद | एम पि.टेड्रस | १०२०० | ४,८६,९७३।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td>६१६००</td><td>१९,४८,७१५।००</td></tr>
</table>
गाउँपालिका कार्यालयले माथि उल्लेखित परिमाणमा खरिद गरेको सेनेटरी प्याडको गुणस्तर परिक्षण गरेको प्रमाण नदेखिनुको साथै गाउपालिकाले बिद्यालयलाई बुझाएको प्रमाण राखेको छ भने बिद्यार्थीलाई बितरण गरेको भरपाई देखिएन । अतः गाउँपालिका कार्यालयले बितरण गरेको भरपाई लिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>३८.६</td><td></td><td></td><td>
हाते बिल भरपाईः आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयबाट उपभोक्ता समितिदारा निमार्ण तथा खरिद कार्यको लागी बिभिन्न समानको बिल भरपाईको भुक्तानी दिदा प्राबिधिक मुल्याङकनलाई आधार नलिई उपभोक्ताकाले पेश गरेको बिल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ यसरी प्राबिधिकले मुल्याङकंन गरी पेश गरेको बिलको आधारमा उपभोक्ता समितिबाट बिल भरपाई नलिई प्रयोग हुने एउटा मात्र समानको बिल धेरै पेश गरेको आधारमा भुक्तानी भएको कारण कार्यालयदारा निर्माण भएका काम वास्तबिक हुन भन्न सकिने आधार देखिएन र साथै जसले गर्दा समान ढुवानी कति रकम बराबर भएको हो एकिन गर्री ढुवानी कर समेत असुल गर्न सक्ने आधार देखिएन ।अत कार्यालयले निर्माण कार्यमा प्रयोग भएका वास्तबिक बिल भरपाई मात्र भुक्तानी भौचरसंग राख्न तर्फ ध्यान दिनु पर्दछ । यस्ता केही उदाहरण निम्म छन ।
<table>
<tr><th>सि.न.</th><th>कार्यक्रमको नाम</th><th>योजनाको नाम</th><th>समानको नाम</th><th>पेश भएको बिल रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>गा.पा. पुजिगत</td><td>वसतरामको घरदेखि ऐन बहादुरको खेतसम्म बाटो ग्राबेल उ.स</td><td>ग्राबेल ढुवानी</td><td>२०३७००</td><td>लिखितम भरपाई</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td></td><td>फोहोर संकलन तथा मर्मत उ.स</td><td>ग्राबेल ढुवानी</td><td>२१०५००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>३</td><td></td><td>वडा २ कार्यालय भवन निर्माण उ.स</td><td>ग्राबेल ढुवानी</td><td>३४६४००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>४</td><td></td><td>ताम्राकार टोलभित्र स सानासडक ग्राबेल उ.स</td><td>ग्राबेल ढुवानी</td><td>४०३५००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>५</td><td></td><td>रूद्रदेउवाको घरदेखि हेमा बोहोराको घर हुदै बाटो निर्माण उ.स</td><td>ग्राबेल ढुवानी</td><td>४४२७००</td><td>लिखितम भरपाई</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८.७</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता ‘सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
</table>